सवारीसाधन व्यवस्थापनका लागि अनुरोध

- काठमाडौं उपत्यका प्रवेश गर्ने र बाहिरिने लामो तथा मध्यम दूरीका बसहरू गोंगबुस्थित नयाँ बसपार्क वा तोकिएका अन्य स्थानबाट ओराल्ने र चढाउने गरौं।
- सवारी व्यवस्थापनमा तोकिएका नियम पूर्णरूपले पालना गरौं।
- शहरी क्षेत्रका तोकिएका स्थानमा मात्र यात्रीवाहक सवारी साधन रोक्ने, यात्री चढ्ने र ओर्लने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com





निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
epratekdaily.com



❖ वर्ष ३७ ❖ २०८० फागुन २२ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 March 05 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १८६


## मधेस सरकारको गलत परिपत्रका कारण विकास कार्यालय भद्रगोल

प्रस, वीरगंज, २१ फागुन/

मधेस सरकारको गलत परिपत्रका



तस्वीरः प्रतीक

कारण पर्सालगायत प्रदेशका आठवटै जिल्लाका विकास कार्यालयहरूको स्थिति भद्रगोल अवस्थामा छ।

मधेस सरकारका गलत निर्णय तथा परिपत्रका कारण कर्मचारीहरू तनावमा छन्। आठवटै जिल्लाका मधेस प्रदेश सरकार अन्तर्गतका विकास कार्यालयका प्रमुखहरू अहिले लुकेर बस्न बाध्य भएका छन्। कर्मचारी स्रोतका अनुसार प्रदेश सरकारको गलत परिपत्रको कारण कार्यालयमा दैनिक भीड लाग्ने गरेको छ भने नेताका आसेपासेहरूले दादागिरी देखाउने, दुर्व्यवहार गर्ने गरेका छन्। सबै विकास निर्माण कार्य स्थानीय तहमा हुने र जुन ठाउँमा विकास निर्माण कार्य हुन्छ, त्यहींका मानिसलाई प्राथमिकता दिनुपर्छ तर प्रदेश सरकारले सबै विकास कार्यालयहरूमा गोप्य परिपत्र जारी गरी योजनासहित ठेकेदारको नाम किटान गरी पठाएपछि कार्यालयमा समस्या देखिएको छ भने कर्मचारीहरू द्विविधामा परेका छन्। गत वर्षसम्म सञ्चालित योजनाहरूमा यस प्रकारको समस्या थिएन तर यस वर्ष भने योजना पठाउँदा ठेकेदारको नाम लेखेर पठाएपछि कार्यालय प्रमुखदेखि कर्मचारीलाई समस्या आइपरेको हो।

स्रोतका अनुसार सर्लाही र रौतहटमा विवादका कारण अहिलेसम्म काम शुरू भएको छैन। अर्कोतिर सङ्घ तथा प्रदेशका संसदीय योजनाहरूमा रोक लागेपछि दुवै तहका सांसद, मन्त्रीलगायत पहुँच भएका व्यक्तिहरूको दबाब सहने अवस्था नरहेको कर्मचारीहरू बताउँछन्। मन्त्री, सांसदलगायत अन्य नेताहरू नजीकका व्यक्तिहरूलाई योजना दिलाउने कसरतमा छन् भने मधेस सरकारले छुट्टै योजना सूची पठाएपछि कसलाई काम दिने भन्ने विषयमा पर्सामा पनि विवाद देखिएको छ। मधेस सरकारका विकास कार्यालय अन्तर्गत पूर्वाधार, खानेपानी, सिंचाइ, पर्यटन, वन, उद्योग, सामाजिक विकासलगायतका कार्यालयमा यो समस्या देखिएको हो।

यी कार्यालयमा अहिले टुक्रे योजनाहरू प्रदेश सरकारले पठाएको छ। टुक्रे योजनाहरूमा स्थानीय नेतादेखि मन्त्रीसम्मको गिद्देदृष्टि छ। फरक ठाउँका व्यक्तिहरू काम गर्न वडामा पुगी योजना सञ्चालन गर्न खोज्दा स्थानीयहरूको अवरोध उत्तिकै छ। कार्यादेश भएपनि स्थानीयले काममा अवरोध गरेपछि काम शुरू हुन सकेको छैन। एउटै योजनामा छजनासम्मको दाबी छ, पहुँचवाला व्यक्तिले आफ्नो दम्भ देखाइरहेको कर्मचारीहरू बताउँछन्। सबै टुक्रे योजना उपभोक्ताबाट गराउनुपर्ने हो। उपभोक्ता भनेको जुन ठाउँमा काम हुन्छ, सोही ठाउँका व्यक्ति संलग्न हुनुपर्नेमा अहिले फरक ठाउँका व्यक्तिबाट उपभोक्ता समितिमार्फत काम गराउनुपर्ने बाध्यता आइपरेको कर्मचारीहरू बताउँछन्। तोकेर फलाना उपभोक्ता समितिको नाममा काम दिनु भनेर प्रदेश सरकारले पत्र पठाउने गरेको र त्यसमा प्रदेशसभा सदस्य, मन्त्रीहरूको हानाथाप भइरहेको बुझिन आएको छ। प्रदेश सरकारले व्यक्तिविशेषको नाममा उपभोक्ता समिति तोकेर पठाउने तर सम्बन्धित जिल्लामा प्रदेशसभा सदस्य र मन्त्रीहरूले अर्को उपभोक्ता समिति बनाउनुपर्ने किचलो सिर्जना गर्दा समस्या देखिएको हो।

### मन्त्रीहरूले सबै योजना बेचेको आरोप

मधेस सरकारमा रहेका मन्त्रीहरूले आआफ्ना मन्त्रालयबाट सञ्चालन हुने योजनाहरू सबै बिक्री गरेको ठेकेदारहरूले बताएका छन्। नामको उपभोक्ता समिति रहेको तर सबै काम ठेकेदारहरूले गरिरहेका छन्। मुख्यमन्त्री तथा मन्त्रीका दलालहरूले वीरगंजमा बसी सीधा ठेकेदारहरूसँग समन्वय गरी ३० प्रतिशतसम्म घूस लिने गरेका एकजना ठेकेदारले बताए।

योजना हात पार्न १० प्रतिशत, कार्यादेश लिन १० प्रतिशत तथा भुक्तानी पाउन १० प्रतिशत गरी ३० प्रतिशत रकम लिने गरिएको ठेकेदारहरू बताउँछन्। यसको अतिरिक्त उपभोक्ता समितिलाई पाँच प्रतिशत, ठेकेदारको मुनाफा १५ प्रतिशत र अन्य खर्च पाँच प्रतिशत गरी ५५ प्रतिशत खर्च काटिने र बाँकी ४५ प्रतिशतमा ठेकेदारले कस्तो गुणस्तरीय काम गर्ने हो, यसको सहज अनुमान लगाउन सकिन्छ।

हामीलाई प्राप्त एक अडियो रेकर्ड अनुसार एकजना मन्त्रीका पिएले ठेकेदारसँग सीधा कमिशन माग गरिएको सुनिन्छ। ती पिएले पहिला रकम बुझी ठेकेदारले भने अनुसार रेडबूकमा योजना पारेको प्रमाणसमेत रहेको छ।

## काम गर्ने वातावरण सिर्जना गर्न पोखरियाका प्रमुखको आग्रह

प्रस, पोखरिया, २१ फागुन/

पोखरिया नगरपालिकाका प्रमुख प्रद्युम्न चौहानले आफूलाई काम गर्ने वातावरण सिर्जना गर्न आग्रह गरेका छन्। पोखरियास्थित जिल्ला उच्चाङ्गल रामदेव कलवार माविको अभिभावक भेलामा नगरप्रमुख चौहानले शिक्षालगायतका क्षेत्र र विकास निर्माण कार्यहरूमा विभिन्न बाधा–व्यवधान सिर्जना गरिएकाले समस्या भइरहेको बताए।



तस्वीरः प्रतीक

उनले शिक्षा क्षेत्रमा भौतिक संरचना निर्माण, फर्निचर, शिक्षक दरबन्दी, शिक्षालाई आधुनिकीकरण गर्नेलगायतका विषयमा काम गर्दै आएको तर यस क्रममा मुद्दा मामिलाले समस्या सिर्जना गरेको बताए। उनले विकास निर्माण कार्यहरू पनि अदालत र अख्तियार धाउँदैमा गर्न नसकिएको बताए।

नगरप्रमुख चौहानले अभिभावक भेलालाई विधिसम्मत सम्पन्न गर्न सुझाए। उनले विद्यालयमा राजनीतीकरणले सुधार नहुने भन्दै निष्पक्ष तरीकाले राजनीतिरहित अभिभावक सङ्घ गठन गर्न आग्रह गरे।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्रीकृष्ण चौहानको अध्यक्षतामा भएको भेलामा पूर्वनगरप्रमुख दीपनारायण रौनियार, वडाध्यक्ष लक्ष्मण साह कानू, स्थानीय नेता निजामुद्दीन समानी, शत्रुघ्न गिरीलगायतले मन्तव्य व्यक्त गरेका थिए।

यसैबीच, आजको भेलामा सहमति नभएपछि चैत ३ गते सहमतिको प्रयास गरिने भएको छ। नौजना अभिभावक र दुईजना शिक्षक गरी ११ सदस्यीय विद्यालय व्यवस्थापन समिति निर्माणका लागि ३३ जना इच्छुक भएपछि सहमति हुन सकेन। चैत ३ गते ३३ जनाको सहभागितामा समिति निर्माणको लागि पहल हुने बताइएको छ।

## मेनरोडको मुद्दामा मन्त्रिपरिषद्को निर्णय झिकाउन सर्वोच्चको आदेश

प्रस, वीरगंज, २१ फागुन/

वीरगंजको मेनरोड फराकिलो पार्ने सम्बन्धमा सर्वोच्च अदालतले मन्त्रिपरिषद्को निर्णय झिकाउने आदेश जारी गरेको छ।


पटकपटक पेसी सर्दै आएको वीरगंजको मेनरोड फराकिलो पार्ने मुद्दामा आज सर्वोच्चको १० नं इजलासले मन्त्रिपरिषद्को निर्णय झिकाउने निर्णय गरेको हो।

विपक्षी कानून व्यवसायीले आज इजलासमा तत्कालीन मन्त्रिपरिषद्ले रक्सौल–पथलैयासँगै श्रीसिया सुक्खा बन्दरगाह–पथलैया सडकखण्डलाई त्रिभुवन राजपथ घोषित गरेको भन्दै मन्त्रिपरिषद्को निर्णयको प्रतिलिपि पेश गरेका थिए। सोही प्रमाणको आधारमा आज न्यायाधीशद्वय कुमार चूडाल र तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले मन्त्रिपरिषद्को निर्णय झिकाउने आदेश गरेको बताइएको छ।

तत्कालीन मन्त्री विमलेन्द्र निधिले श्रीसिया सुक्खा बन्दरगाह–पथलैया सडकखण्डलाई त्रिभुवन राजपथ घोषणा गर्न मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरेकामा स्वीकृति भएको बताइन्छ।

सर्वोच्चले मन्त्रिपरिषद्को निर्णय झिकाउने आदेश गरे पनि आज ढिला भएको कारण अघिल्लो तारिख दिएको छैन र सम्भवतः भोलि अघिल्लो तारिख तोकिनेछ। वीरगंजको मेनरोड फराकिलो पार्ने विषयको मुद्दा सर्वोच्चमा २०७५ सालदेखि चल्दै आएको छ र अहिलेसम्म तारिखमा अल्झिएर बसेको छ। पटकपटक मुद्दा पेशी सूचीमा पर्ने तर हेर्न नभ्याउने भनी तारिख मात्र पाउने गरेको छ।


हार्दिक श्रद्धाञ्जलि


स्व हरिशङ्करप्रसाद कुर्मी

हाम्रा प्रातः स्मरणीय पिता हरिशङ्करप्रसाद कुर्मीको २०८०/११/१० गते बिहीवारका दिन स्वर्गारोहण भएकोमा आज १३औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै हामीप्रति सहानुभूति प्रदान गर्नुहुने सम्पूर्ण आफन्तजन, इष्टमित्रमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं।

छोरा / बुहारीः
अरूणकुमार पटेल / अभिलाषा देवी
नाति / नातिनीः
अतुलकुमार पटेल, आकृति कुमारी

छोरी / ज्वाइँः
रीतादेवी / शेषनाथप्रसाद पटेल
किरणदेवी / प्रेमबाबूप्रसाद पटेल
रानीदेवी / शिवजीप्रसाद पटेल
अञ्जु राउत / दीपककुमार जैसवाल

एवं समस्त परिवार


## पोखरियामा सडक कालोपत्र गर्ने काम दुई वर्षमा १० प्रतिशत मात्र सम्पन्न


तस्वीरः प्रतीक

प्रस, पोखरिया, २१ फागुन/

बजेट अभावमा पोखरिया नगरपालिका–१ देखि ६ को बहीखोलासम्म साढे पाँच किलोमिटर कालोपत्रे सडक निर्माण कार्य अलपत्र अवस्थामा छ।

२०७८ सालमा एक निर्वाचन क्षेत्र, एक सडक कार्यक्रम अन्तर्गत तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको बेलामा सडक डिभिजन कार्यालय, हेटौंडाले यो सडकखण्ड कालोपत्र गर्न ठेक्का लगाएको थियो।

२१ करोड रुपैयाँ लागत रहेकोमा गलवा/अङ्कित जेभी कन्स्ट्रक्शनले साढे १९ करोड रुपैयाँमा सकार गरी काम शुरू गरेको थियो। करीब रु डेढ करोड अग्रीम भुक्तानी पाएर काम शुरू गरेको ठेकेदारले प्रधानमन्त्री ओलीको सरकार ढलेसँगै अर्को सरकारले यो योजनामा बजेट विनियोजन नगर्दा काम रोकिएको थियो। आगामी २०८१ पुस मसान्तसम्म यो योजना पूरा भइसक्नुपर्नेमा अहिले १० प्रतिशत काम पनि भएको छैन। ठेकेदार कम्पनीका प्रतिनिधि सुरेश पटेलले योजनाको लागि बजेट नआएकोले काम अगाडि नबढेको बताए। सडक डिभिजन कार्यालय, हेटौंडाका डिभिजनल इन्जिनीयर राजेश यादवले तत्कालीन प्रधानमन्त्री ओलीको समयमा विनियोजित बजेट अनुसार ठेक्का भएको र त्यसपछि बजेट नआउँदा काम प्रभावित भएको बताए। उनले आज भएको राजनीतिक परिवर्तनबाट एमाले सरकारमा आउने र यो योजनामा बजेट विनियोजन भई काम अगाडि बढ्ने बताए।

## सहकारीको रकम हिनामिनाको आरोपमा प्रधानाध्यापक पक्राउ


प्रस, पोखरिया, २१ फागुन/

बहुदरमाई नगरपालिका–५ बलिरामपुरस्थित सिद्धार्थ प्राविका प्रधानाध्यापक धर्मराज साहलाई जिल्ला प्रहरी कार्यालय, पर्साले सोमवार पक्राउ गरेको छ।

विद्यालय सञ्चालनमा रहेको बखत उनलाई आज पक्राउ गरिएको हो। जिप्रका, पर्साका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक कुमार विक्रम थापाले प्रअ साहलाई पक्राउ गरेको पुष्टि गरे। उनले प्रअ साह जनमुखी बचत तथा ऋण सहकारी संस्थाको सदस्य रहेको र निजमाथि सहकारीको रकम हिनामिना गरेको आरोप लागेकोले छानबीनको लागि पक्राउ गरिएको बताए।

प्रअ साहले हिनामिना गरेको रकम यकीन नभएको र अनुसन्धानपछि खुल्ने प्रनाउ थापाले बताए। तत्कालीन अवस्थामा उनले गरेको हिनामिना पुष्टि भएको र सोहीको आधारमा निजलाई पक्राउ गर्नुपरेको प्रवक्ता थापाले बताए।

## स्वीच नभएका सडकबत्तीको लाइन काटिंदै


तस्वीरः प्रतीक

प्रस, पोखरिया, २१ फागुन/

नेपाल विद्युत् प्राधिकरण पोखरिया वितरण केन्द्रले पालिकाहरूमा स्वीच नराखेर सार्वजनिक स्थानमा जडान गरिएका बत्तीहरूको लाइन काट्न शुरू गरेको छ।

नेपाल विद्युत् प्राधिकरण पोखरिया वितरण केन्द्रका प्रमुख बुद्धीनारायण झाले पालिकाहरूले सार्वजनिक स्थलहरूमा जडान गरेका सडकबत्तीहरूमा स्वीच जडान नगर्दा विद्युत् चुहावट बढेकोले लाइन काट्ने अभियान शुरू गरिएको बताए। पोखरिया नपा, कालिकामाई, ठोरीलगायतका पालिकाहरूमा अहिले धमाधम स्वीच नभएका सडकबत्तीको लाइन काटिंदैछ। यसमा केही टावरलाइट पनि परेका छन्।

**विचारसार र सुक्तिहरू**

**कोही नीचतामा उत्रन्छ भने ध्यान नदेऊ, कोही कठोर बन्दछ भने पर हटिदेऊ। कसैले तल खसाल्न खोज्दछ भने स्थिर बनिदेऊ। कसैको पनि दुर्व्यवहारलाई मनको शान्तिमाथि हाबी हुन नदेऊ ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.eprateekdaily.com

# नापतौलको लापरवाही

**नेपालमा विद्युतीय तौल मेशीन आएको लगभग तीन दशक बढी भयो। अहिले डिजिटल तौल मेशीनहरू प्रयोगमा छन्। तर मधेस प्रदेशको एकमात्र वीरगंज महानगरपालिका र महानगर रहेको पर्सा जिल्लामा भने अहिलेसम्म परम्परागत ढक-तराजुकै बढी प्रयोग छ । ढक-तराजुको प्रयोग परापूर्वकालदेखि हुँदै आएको हो। ढक-तराजुको प्रयोगकर्ताले गुणस्तर तथा नापतौल कार्यालयबाट प्रमाणित गरेर सञ्चालनमा ल्याएको हुनुपर्छ अन्यथा त्यसको प्रयोग अवैध हुन जान्छ । कार्यालयले तोकेको मापदण्डका ढक-तराजु हुनुपर्छ। अझ सोही कार्यालयले ढक-तराजुको बिक्री वितरण गर्दा सेवाग्राहीलाई सहज हुने र उपभोक्ताहरू पनि ठगिने थिएनन् । पर्साका ग्रामीण बजारमा अहिले प्रयोग हुने ढक-तराजु वैध छैनन्। अहिले चलनचल्तीका ढक-तराजु कार्यालयले प्रमाणित गरेको छैन । अहिले पनि यो जिल्लाको ग्रामीण बजारहरूमा काठे डन्डीवाला तराजु र माटो, पत्थर, ईँटाका ढकहरू प्रयोगमा छन्। विद्युतीय, डिजिटल तौल मेशीनहरूहरूले अहिलेसम्म यहाँको हाटबजार हेरेको छैन ।**

**अहिलेसम्म विद्युतीय, डिजिटल मेशीन महानगरको हाटबजारमा प्रयोगमा आएका छैनन् भने ग्रामीण बजारहरूको कुरै भएन। बजारमा तौल गरेर बिक्री हुने सबै खाले वस्तु गुणस्तर तथा नापतौल कार्यालयबाट प्रमाणित भएका ढक-तराजुबाट तौल हुनुपर्ने कानूनी प्रावधान छ। यसको अनुगमन गर्ने र प्रयोगमा ल्याउने जिम्मेवारी गुणस्तर तथा नापतौल कार्यालयको हो । पर्सा जिल्लामा पनि यो कार्यालय नभएको होइन। तर अहिलेसम्म अनुगमन शून्य भएकोले यसको काम कारबाहीको आकलन लगाउन सकिन्छ । पेट्रोलियम पदार्थ, सुनचाँदी, धर्मकाँटाहरूमा मात्र यो कार्यालयको नजर रहेकाले कर्मचारीहरू खट्छन । तर आम उपभोक्ताहरूको प्रत्यक्ष सरोकार रहने कार्यमा भने उनीहरूको अनुगमन नै छैन । भारतीय ढक-तराजुको प्रयोग बढेको, त्यसबाट व्यापारीले उपभोक्ताहरूलाई ठग्दै गरेका कुराहरू दशक पुरानो भइसक्दा पनि अहिलेसम्म ध्यान पुऱ्याउने कार्य भएको छैन। कार्यालयको फितलो कामको विरोधमा उपभोक्तासँग सरोकार राख्ने निकाय, संस्थाहरू पनि मूकदर्शक बनेका छन् । यस खाले गतिविधि नियन्त्रण गर्ने जिम्मेवारी अहिले स्थानीय पालिकालाई पनि छ । पालिकाका उपप्रमुख बजार अनुगमन समितिका संयोजक हुन् र उनीहरूले यस प्रकारका बेथितिलाई लयमा ल्याउन सक्छन् । तर उनीहरूमा पनि गाउँटोलका व्यापारीविरुद्धको काम गरेर चुनौती लिने सामर्थ्य बनिसकेको छैन ।**

**लामो समयदेखि चलिरहेको यो कार्यमा परिवर्तन आवश्यक छ । परम्परागत ढक-तराजुमा विविध खाले विकृतिहरू छन्। ढक तोकिए अनुसार नहुने, त्यसमा तौल कम गर्न विभिन्न जुक्ति प्रयोग गरिने, तराजुको दुवै तर्फका भागमा एकरूपता नहुने आदि इत्यादि । यसको साथै नयाँ प्रविधिका विद्युतीय र डिजिटल तराजुहरूमा पनि बेलाबखत विकृतिहरू आइरहने गरेका छन् । यसकै लागि गुणस्तर तथा नापतौल कार्यालय स्थापना गरिएको हो । तर उसले तीन दशक लामो समयमा पनि यो क्षेत्रमा सुधार ल्याउन सकेको छैन । जसले गर्दा पर्सा जिल्लाका बजारहरूमा ढुक्क भएर तौल अनुसारको सामान पाउने उपभोक्ताको अधिकार हनन हुँदै आएको छ । कार्यालयले काम गर्न नसकेकोविरुद्ध उपभोक्ता हितमा काम गर्ने संस्थाहरूले पनि आवाज उठाउन सकेका छैनन् । जसले गर्दा पर्सा जिल्लाका उपभोक्ताहरू ठगिने क्रम जारी छ ।**

# खोजखाज

मन्तव्य



कुमारबन्धु रुपाखेती

**अब वर्तमान अवस्थामा फर्कौं झन्डै साढे तीन दशकअघि २०४७ सालमा प्रजातन्त्र बहाल भयो । उद्योग कलकारखाना धमाधम बन्द हुन थाले । खेतीपातीमा ह्रास आउन थाल्यो । शिक्षा र रोजगारका लागि युवाशक्ति विदेश पलायन हुने वातावरण बन्यो र पलायन रोक्न प्रजातन्त्र असफल भयो ।**

पालिकाहरूमा अवकाश पाउने कर्मचारीहरू अहिले रनभुल्लमा पर्न थालेका छन्। उनीहरूको भविष्य अहिले अनिश्चितझैं भएको छ। स्थानीय निकाय सङ्घर्ष समितिका अनुसार कतिपय पालिकाहरूले अवकाश कोषमा रकम छुटचाउनाले अवकाशप्राप्त कर्मचारीहरू रित्तो हात घर फर्किन विवश छन्। स्थानीय ऐनले अवकाश कोषमा रकम छुटचाउने अधिकार दिए पनि अधिकांश पालिकाले अवकाश कोष नै नबनाउने र बनाएकाहरूले समेत विभिन्न बहानामा कोषको रकम चलाइदिने र सट्टाभर्ना नगर्ने प्रवृत्ति देखाएका छन् । जसले गर्दा अवकाशप्राप्त कर्मचारीहरू उपदान रकम, बिदाको रकम, सञ्चय कोषको रकम, दान-उपदानको रकम तथा अवकाश हुँदा पाउनुपर्ने भुक्तानीको लागि ढोका-ढोका चहार्दाचहार्दै हायलकायल भएका देखिन्छन्। दशकौं सेवाग्राहीहरूको सेवामा समय बिताउने राष्ट्रसेवक कर्मचारीहरूको यस्तो बिचल्ली पहिले कहिल्यै भएको थिएन। सबैलाई थाहै छ अधिकांश पालिका कागजी घोडा रेसमा चलिरहेका छन्। बेरुजूको चाङ छ, बेथिति, भ्रष्टाचार र मनोमानी व्याप्त छन्। यस्तै बेथिति र लूटखसोटको अचानोमा स्थानीय निकायका अवकाशप्राप्त कर्मचारीहरू पर्दै आएका छन्, जसको अविलम्ब निवारण जरुरी छ।

भारतमा अहिले आमनिर्वाचनको शोरगुल छ। निर्वाचनका बेला मुलुकमा अमनचयन, शान्ति हुनुको साटो त्यहाँ अहिले भद्रगोल स्थिति छ । जतातत लुटखसोट र हडतालको वातावरण छ। हाम्रै सीमा क्षेत्र मितेरीपुलसम्म मात्रै पुग्दा यस्ता दृश्य भरपूर देखिन्छन् । सदैव आफूखुशी एकतर्फी निर्णय गर्दै आएका यिनीहरूले मितेरीपुलमा अतिक्रमण गरेको लामै समय भइसक्यो। रक्सौलको भद्रगोल ट्राफिक अवस्था जगजाहेर छ। कहिले नेपाली चार पाङ्ग्रे प्रवेश निषेध, कहिले नेपाली अटोरिक्शा रक्सौल प्रवेशमा रोक आदि उर्दी जारी गर्नु यिनको बायाँ हातको खेल भएको छ। भारतका शहरहरूमा अचेल कतै राजनीतिक आमसभा र जुलूसले यातायात जाम छ। कतै किसान आन्दोलन त कतै जातीय दङ्गा भइरहेका देखिन्छन्। हद त त्यस बेला भयो, जब भारत घुम्न आएका विदेशी एक युवा दम्पतीले कल्पनै नगरेको घटना बेहोर्नुपऱ्यो। स्पेनबाट भारत घुम्न आएका एक जोडी पर्यटकलाई अस्ति शुक्रवार राति दुमकाको हंसडिया भन्ने स्थानमा पतिलाई पिटपाट गरी घाइते बनाइ पत्नीलाई सामूहिक बलात्कार गरियो। यो स्पेनिश दम्पती पर्यटकको रूपमा दुमकाबाट नेपाल प्रवेश गर्नुअघि यो घटनालाई अपराधीहरूले अनजाम दिए। भारतमा नेतादेखि प्रशासक सबै मनमौजी निर्णयका पर्याय हुन्। अस्ति भारतको बिहारमा इन्टरमिडियटको परीक्षा थियो। यहाँ नेपालमा इन्टरमिडियट भनेको प्लस टु हो। परीक्षामा चार उग्रवादी नेताको बारेमा उत्तर दिन भनिएकामा केहीले उत्तरपुस्तिकामा जवाहरलाल नेहरू र जिन्नालाई उग्रवादी नेता बताए भने केहीले रवीन्द्रनाथ टैगोरलाई उग्रवादी लेखे अनि केहीले बिआर अम्बेडकरलाई त केहीले अब्दुल आजाद कलामलाई र कसैकसैले राजेन्द्र प्रसादलाई उग्रवादी भन्दै जवाफ लेखे। इन्टरमिडियट इतिहासको परीक्षा थियो यो। भारतीय युवाहरूलाई राजनेता र उग्रवादीको इतिहासबारे ज्ञान नै छैन। यस्तो अवस्थामा २१औं सदीमा भारतमा धूमधामले आमनिर्वाचन हुँदैछ। भारतीय टिभी, खबर, समाचारमा एकतमासको पटचारलाग्दो मोदीको, भाजपाको सुगारटान सुनेर मलाई मात्र होइन अधिकांशलाई अचेल भारतीय टिभी र खबर सुन्न-पढ्न मन लाग्दैन होला।

रक्सौल प्रशासकहरूको मनमौजी एकतर्फा निर्णयले मितेरीपुलवारि नेपालतर्फ जाम, भद्रगोल र अफरातफरीको माहोल सिर्जना भएको छ। क्या किजिएगा ये भारत मे निर्वाचनका मौसम है जी। भुलाभटका मितेरीपुल पुगेका एकजना चिनियाँले अस्तिदेखि ठूलै केरकारको सामना गर्दैछन्। पाँच दिनअघि मितेरीपुलबाट समातिएका ती चिनियाँ नागरिकलाई सोधपूछका क्रममा अहिले मोतिहारी चलान गरिएको छ। समातिएका चिनियाँ नागरिकले चिनीबाहेक अन्य भाषा नजान्ने र भारतीयहरूसँग चिनियाँ भाषामा कुरा गर्न जान्ने विज्ञसमेत नभएकाले उनी लामै थुनामा पर्ने देखिन्छन्। चिनियाँ नागरिक पक्राउ अहिले त्यहाँका खबर पत्रिकाका लागि चटपटे र विकास समाचार बनेको छ। भारत मे निर्वाचनका माहोल है जी !

नेपाली भान्सामा अचेल चुलेसी, नाङ्लो, खल, पिर्का, सिलौटा आदि भेटिंदैनन्। ढिकी र जाँतो कुनै घरमा पाइँदैनन्। त्यस्तै, भान्सामा अचेल कमै मात्रामा साबुत (नकुटेको) मरीच, जीरा, हर्दी, धनिया, सुकेको खुर्सानी, टिमुर पाइन्छन्। तयारी लुगाझैं अचेल सबै मरमसला कुटेको, प्याकिङ गरेको आकर्षक प्याकेटमा पाइन्छन्। किसानको घरबाहेक अन्यत्र धान र गहुँ पाइँदैन। बोरामा चामल र पीठो नै पाइन्छ। ग्रामीण भेगमा समेत अब ठेकीमा घ्यू, मोही पाइँदैन, बरु फ्रिजमा चीसो पेय पदार्थ पाइन्छ। अचेल त लसुन-अदुवा र गोलभेंडासमेत प्यूरियो पेस्ट बनाएर बेचिरहेको देखिन्छ। मकै, भटमासको सट्टा पिज्जा-बर्गर चलनचल्तीमा छ। सिलौटामा जीरा, धनिया, हर्दी आदि पिसेर तरकारीमा हाल्ने जमाना गयो। ल्वाङ, दालचिनी, सुकमेल सबै पिसिएको र तयारी उपलब्ध छन्। अझ बजारमा अचेल रङ्गबिरङ्गी प्याकेटमा चिकेन मसला, ममः मसला, मटन मसला, एगकरी मसला, फिसकरी मसला अन्धाधुन्द प्रचलनमा छन्। माथि उल्लिखित जीरा, धनिया, हर्दी, मरीच, टिम्बुर, दालचिनी, ल्वाङ, सुकुमेल आदि आयुर्वेदिक स्वास्थ्यबर्धक हर्बल मसला हुन्। तर भान्साका यी अमूल्य गहना अचेल बजारिया मिलावटको शिकार भएका छन् र दिनानुदिन बेफुर्सदी हुँदै गएका हामी बजरिया चटपटे उत्पादनको आकर्षणमा परेका छौं। अरू कुरा छाडिदिऊ खूबै नाम कमाएको बाबा रामदेवको पतञ्जलि आयुर्वेदसमेत अहिले नक्कली उत्पादनको विवादमा परेको छ। कोभिड-१९ मा रामदेवको आयुर्वेदले कोभिडको औषधि बनाएको दाबी गऱ्यो, जसलाई भारतीय अदालतले अस्वीकृत गऱ्यो। अहिले पनि अदालतले बन्देज गर्दागर्दै चेतावनी दिंदादिंदै पनि रामदेव र बालकृष्णाले तथानाम प्रचार गर्दै विभिन्न किसिमका रोगका आयुर्वेदिक औषधि प्रचारमा ल्याएका छन्, जुन पूर्णरूपमा प्रभावहीन भएको कुरा भारतीय अदालतले बताएको छ। पतञ्जलि आयुर्वेद जस्तो रामदेवको प्रख्यात कम्पनी को त यो हाल छ भने अन्य नकलची उत्पादनहरूको अवस्था कस्तो होला ? मानिसहरू अचेल बरु इलेक्ट्रोनिक सामान खरीदमा बढी खर्च गर्छन्। लुगा कपडामा मनग्य खर्च हुन्छ। महिलाहरू शृङ्गारपटारका सामग्रीमा अत्यधिक खर्च गर्छन्। अधिकांश महिला एउटा पार्टीमा लगाएको लुगा अर्को पार्टीमा लगाउँदैनन् तर एक अनुसन्धानका अनुसार खानपान र भान्साको खर्च कटौती भएको छ रे। कतिपय भान्सामा त अचेल रातिको खाना नै पाक्दैन। तयारी बजरिया खाना खाएर सुत्छन् रे ! दाँत माझ्ने दतिवनको स्थानमा अचेल पेस्ट-ब्रशमा सीमित छ।

मुलुकमा सङ्घीयता लागू भएपछि प्रदेश बन्यो। मधेस प्रदेशमा त शहीद परिवारलाई ५० लाखसम्म दिने घोषणा भयो। कर्णाली प्रदेशले त उत्कृष्ट किसानलाई सुनको हलो दिनेसम्म घोषणा गऱ्यो। तर न कसैले ५० लाख पायो, न सुनको हलो। उल्टै बरु शहीद परिवार बेवारिसे बने, बेरोजगार भए। उता किसानले समयमा मल, बीउबिजन पाएन, उब्जनी बिग्रियो। खेत बाँझै राख्न विवश भए। हाम्रा नेताहरूबाट यस्तै रामकहानी सुनाइन्छ र भरमाइन्छ। अचेल त हामी भारतबाट आयात गरिएको दानापानीमा हुर्किरहेका छौं। एक जमाना अर्थात् सन् १९६५ मा भारतमा अनिकाल पर्दा नेपालले करीब ३५० मेट्रिक टन चामल सहयोग पठाएको थियो। पञ्चायतकालमा धान, चामल निर्यात कम्पनी भन्ने सरकारी संस्था नै सक्रिय थियो। एकपटक राजा महेन्द्रको शासनकाललाई नियालौं। उनले पाठ्यक्रमबाट हिन्दी भाषाका किताब हटाए, संसद्बाट भारतीय प्रतिनिधि हटाए, नेपाली हुलाक टिकट प्रचलनमा ल्याए, भारतीय सुरक्षा चौकी फिर्ता पठाए, भारतीय रुपियाँ प्रचलनबाट हटाए, भारतबाहेकका मित्रराष्ट्रहरूबाट ठूल्ठूला राजमार्ग बनाए, त्रिभुवन विश्वविद्यालयको स्थापना, विमानस्थलसमेत बनाए। आफ्नो १० वर्षीय शासनकालमा उनले मुलुकको उल्लेखनीय विकास गरे। दर्जनौं कलकारखाना उनकै देन थियो। पहिले नेपाली रुपियाँलाई मोहरिया (मोरु) रुपियाँ भनिन्थ्यो र २०१५ सालको अन्तदेखि नेपाली रुपियाँ लेख्न थालेको महेन्द्रकै प्रयास हो। कागजी नोटको प्रचलन राजा त्रिभुवनको पालामा विसं २००२ सालदेखि भएको हो। राजा महेन्द्रकै प्रयासमा नोट प्रचलनहेतु २०१३ सालमा नेपाल राष्ट्र बैंक स्थापना भएको हो। हाम्रो मोहरिया रुपियाँका बखत ब्रिटिश इन्डियाको कम्पनी रुपैयाँ प्रचलनमा थियो।

अब वर्तमान अवस्थामा फर्कौं झन्डै साढे तीन दशकअघि २०४७ सालमा प्रजातन्त्र बहाल भयो। उद्योग कलकारखाना धमाधम बन्द हुन थाले। खेतीपातीमा ह्रास आउन थाल्यो। शिक्षा र रोजगारका लागि युवाशक्ति विदेश पलायन हुने वातावरण बन्यो र पलायन रोक्न प्रजातन्त्र असफल भयो। राजनीतिक आस्थाका आधारमा विभाजन गर्न थालियो। साम्प्रदायिक सद्भाव बिग्रँदै गयो। महँगी, भ्रष्टाचार मौलाउँदै गयो। विदेशीहरू नेपालमा हाबी हुँदै गए। विदेशीकै इशारा र रोजाइमा प्रधानमन्त्री, राष्ट्रपति छान्ने चर्चा चल्यो। सिमाना मिचिन थालियो र अब त हुँदाहुँदै सार्वभौम राष्ट्र नेपालको अस्तित्व नै खतरामा परेको कुरा विज्ञहरूले उठाउन थालेका छन्। थुप्रै विदेशीलाई नागरिकता दिनाले मुलुकको इतिहास, धर्म-संस्कृति लोप हुने वातावरण बन्यो। रोटीबेटीको नाममा नेपालीलाई सेक्ने काम भयो। प्रतिबन्धित पञ्चायतकालमा विद्यार्थी युनियन बनाउने, विद्यार्थी उचालेर अस्कल काण्ड गराउनेहरू आजकल विद्यालय, कलेज र विश्वविद्यालयलाई राजनीतिक अखाडा बन्न दिनुहुँदैन भनेर फलाक्दै छन्। अरू त अरू अचेल त जनपद र सशस्त्र प्रहरी मात्र होइन नगरप्रहरीसमेतले आम जनताको हुर्मत लिन थालेका छन्। सरेआम कुटपिट गर्दैछन्। निषेधित क्षेत्रको नाममा फूटपाथ प्रयोग गर्न मनाही छ। समग्रमा भन्ने हो भने केही टाठाबाठाबाहेक आम नागरिकका लागि मुलुकको शासन व्यवस्था, निरङ्कुशतन्त्रमा परिणात भएको देखिन्छ। गठबन्धनको नाममा मनलाग्दी भएको छ। नटवरलाल भन्ने एउटा हिन्दी सिनेमामा अमिताभ बच्चनको एउटा राजनीतिक प्रेरित गीत अर्थपूर्ण छ। नटवरलाललाई महान् ठग मानिन्छ। त्यो गीतमा- 'आ राहा था, नहीं जा रहा था, नहीं आ रहा था' भनेर त्यस बेलाको भारतीय दल अदलबदललाई व्यङ्ग्य गरिएको हो। अचेल हाम्रोमा पनि यस्तै छ प्रचण्ड, ओली, देउवा भोलि कता आ रहा था, कता जा रहा था भनेर ब्रह्माले समेत भन्न सक्दैनन्।

बाग्मती सफाइको नाममा हालसम्म नेपाल सरकारले २१ अर्ब खर्च गरेछ तर बाग्मती नदी होइन नाला नै छ। हाम्रोमा जहिले पनि खर्च र कामको तालमेल मिलेको हुँदैन। महाभारतमा 'पार्थ, घबराओ नहीं' भन्दै धनुषधारी अर्जुनलाई ढाडस दिन कृष्णको अभाव छ नेपालमा। यहाँ त बेहिसाब गलती गर्ने अनि नन्हा मुन्ना बनाएर मुक्ति दिने चलन छ। हाम्रो कानूनले कुकर्म होइन अनुहार हेर्छ। इन्कलाब जिन्दाबाद एकादेशको कथा बनेको छ। सरकारी उटपट्याङ निर्णय र उर्दी सहनु हाम्रो नियति बनेको छ। अहिले त हाम्रो मुलुकको अवस्था 'टकाशेर भाजा, टकाशेर खाजा' जस्तै छ।

# संसद्मा दर्ता भएको सङ्घीय निजामती सेवा विधेयकमा के छ ?

काठमाडौं, २१ फागुन/रासस

सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० संसद्मा दर्ता भएको छ। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आइतवार प्रतिनिधिसभामा उक्त विधेयक दर्ता गरेको हो।

सङ्घीय निजामती सेवा सञ्चालनका लागि कर्मचारीको सेवा शर्त र सुविधासम्बन्धी कानूनलाई सङ्घीयताअनुरूप सञ्चालन गर्न आवश्यक रहेको भन्दै सरकारले यो विधेयक ल्याएको हो। मुलुकको प्रशासनिक प्रणालीलाई व्यवस्थित, कार्यात्मक र नतीजामुखी बनाउन यो विधेयक ल्याइएको जनाइएको छ।

संसद्मा दर्ता भएको विधेयकमा निजामती कर्मचारीलाई श्रेणीगतबाट तहगत प्रणालीमा लगिने प्रस्ताव गरिएको छ। साथै आवास सुविधा, सरकारी सुविधा, विशेष आर्थिक सुविधा तथा स्वास्थ्य बीमा योजनालगायत व्यवस्था प्रस्ताव गरिएको छ। सङ्घीय निजामती सेवा अन्तर्गत ११ वटा सेवा राखिएका छन्। नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, इन्जिनीयरिङ, कृषि, न्याय, परराष्ट्र, प्रशासन, लेखापरीक्षण, वन, शिक्षा, सूचना प्रविधि र विविध सेवा छन्।

त्यसैगरी, १३औं तहसम्म सेवा विशिष्टीकरण गर्ने प्रयोजनका लागि विभिन्न छवटा सेवा रहने गरी समूहीकरण (क्लस्टर) गरिएको छ। यसमा इन्जिनीयरिङ, कृषि तथा वन,

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४८

# माओवादीलाई उपयोग गर्ने कल्पना नगर्दा हुन्छ -प्रधानमन्त्री

काठमाडौं, २१ फागुन/रासस

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले माओवादीलाई कसैले उपयोग गर्न नसक्ने बताएका छन् ।



उनले माओवादी कहिल्यै पनि उपयोग नहुने स्पष्ट पारे । शहीद सप्ताह अन्तर्गत शहीद प्रतिष्ठान नेपालले सोमवार आयोजना गरेको 'शान्ति प्रक्रिया, सङ्घीय लोकतान्त्रिक गणतन्त्र र आजको राजनीति'मा प्रधानमन्त्री प्रचण्डले माओवादीको आफ्नै गतिशील पहिचान रहेको स्पष्ट पारे ।

"साँचो कुरा हो, माओवादी सिद्धान्त र विचारका दृष्टिकोणले जमेको पोखरी जस्तो गरेर बस्ने होइन, गड्गडाउँदो नदीजस्तो बग्छ," प्रधानमन्त्री प्रचण्डले भने, "निरन्तरतामा रमाएर स्थिरतामा बस्न सक्दैन । निरन्तरतामा क्रमभङ्ग गर्दै नयाँ परिस्थिति सिर्जना गर्दै अगाडि बढ्ने शक्ति हो ।" शहीद सप्ताहको अन्तिम दिन अर्थात् सुखानीमा शहादत भएको दिन निरन्तरतामा क्रमभङ्ग भएको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले भने, "माओवादी नेपाली जनताको घोडा हो, अरू कसैको घोडा होइन ।" आजको दिनमा जे कुरा भएको त्यो सानो कुरा नभएको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले पछिल्लो परिवर्तनलाई राम्रोसँग बुझ्नुपर्ने बताए ।

उनले भने, "सबै क्रान्तिकारी एकताबद्ध हुनुपर्ने आवश्यकता छ, खिइँदै, सुक्दै जानुभएन, यो हुँदैन ।" प्रक्रियावादीले आफूलाई घेरा हाल्दै आएको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले निरन्तर परिवर्तनका पक्षमा लाग्ने स्पष्ट पारे । शहीद सप्ताहको अन्तिम दिन सबैले एकताबद्ध हुने अठोट गर्नुपर्नेमा जोड दिंदै उनले भने, "क्रान्तिकारीले ठूला कुरा गर्नेभन्दा सबै एक ठाउँमा हुने बाटो खोजौं, त्यो वैज्ञानिक हुन्छ, त्यो क्रान्तिकारी हुन्छ ।" आफूले समाजवादी मोर्चा मात्र नभएर बृहत्तर कम्युनिस्ट एकताको पहल गरिरहेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले शहीदका सपना पूरा गर्नका लागि दुश्मनका घेराबन्दी तोड्दै अगाडि बढ्ने अठोट व्यक्त गरे ।

क्रान्तिको बाटो सोझो नहुने उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले भने, "मानिस दुई खुट्टाले हिंड्नुपर्छ, कहिले दायाँ र कहिले बायाँ खुट्टा अगाडि जान्छ, मार्क्सवाद भनेको गन्तव्यमा पुग्नका लागि दुई खुट्टाले हिंड्नुपर्छ ।" नेपालले वैज्ञानिक र सन्तुलित भूराजनीतिक परराष्ट्र नीति अपनाएर अगाडि बढ्नुपर्नेमा जोड दिंदै प्रधानमन्त्रीले प्रचण्डले त्यसका लागि ध्यान दिनुपर्ने बताए । उनले राष्ट्र र जनताप्रति आफू जिम्मेवार भएर अगाडि बढ्ने स्पष्ट पारे ।

# राष्ट्रपतिसमक्ष नवनियुक्त मन्त्रीहरूको शपथ

काठमाडौं, २१ फागुन/रासस

राष्ट्रपति रामचन्द्र पौडेलले तीनजना नवनियुक्त मन्त्रीलाई पद तथा गोपनीयताको शपथ गराएका छन् ।

नेपाल कम्युनिस्ट पार्टी (एमाले)का तर्फबाट पदम गिरी, नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का तर्फबाट हितबहादुर तामाङ र राष्ट्रिय स्वतन्त्र



पार्टीका तर्फबाट डोलप्रसाद अर्यालले शपथ लिएका छन् । उनीहरूको कार्यभार तोकिएको छैन । राष्ट्रपति कार्यालयका अनुसार उनीहरूको कार्यभार पछि तोकिनेछ ।

राष्ट्रपतिले नेपालको संविधानको धारा ७६ को उपधारा ९ बमोजिम प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको सिफारिशमा मन्त्रीमा नियुक्त भएका तीनजनालाई राष्ट्रपति कार्यालय शीलत निवासमा आज आयोजित विशेष समारोहमा सोही संविधानको धारा ८० अनुसार पद तथा गोपनीयताको शपथ गराएका हुन् ।

प्रधानमन्त्रीको सिफारिशमा आज गठन भएको मन्त्रिपरिषद् र त्यसको कार्यविभाजन अनुसार प्रधानमन्त्री प्रचण्डले नै अर्थ, उद्योग, वाणिज्य तथा आपूर्ति, ऊर्जा, जलस्रोत तथा सिंचाइ, कानून, न्याय तथा संसदीय मामिला, कृषि तथा पशुपक्षी विकास, खानेपानी, गृह, परराष्ट्र, भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण, भौतिक पूर्वाधार तथा यातायातलगायत नेपाल सरकार सबै मन्त्रालयको कार्यभार सम्हाल्नेछन् ।

कार्यक्रममा उपराष्ट्रपति रामसहायप्रसाद यादव, सभामुख देवराज घिमिरे, प्रधानन्यायाधीश विश्वम्भर श्रेष्ठलगायत विशिष्ट व्यक्तिहरूको सहभागिता थियो ।



**अन्न राख्न निर्माण गरिएको भकारी:** कैलाली गाउँपालिका-७ भुँड्याफाँटास्थित एक स्थानीयको घरमा अन्न राख्नका लागि माटो र बाँसबाट निर्माण गरिएको भकारी । किसानले आफूले उब्जाएको धान, गहुँलगायत अन्न वर्षभरिलाई सञ्चय गर्नका लागि उक्त भकारीको प्रयोग गर्ने गर्छन् । तस्बिर: तिलकराज ओझा/रासस

# झापा विद्रोहमा कम थिएन महिलाको योगदान

झापा, २१ फागुन/रासस

इतिहासमा परिवर्तन ल्याउने झापा विद्रोहको अग्रदस्तामा पुरुषको नाम देखिए तापनि त्यसलाई सफल बनाउन क्रान्तिकारी जोशका साथ प्रत्यक्ष वा अप्रत्यक्ष संलग्न रहेका महिलाको चर्चा निकै कम हुने गरेको छ ।

आजसम्म विद्रोहका बारेमा लेखिएका किताब तथा लेखमा पनि महिलाको भूमिकाका बारेमा त्यति उल्लेख गरेको पाइँदैन । वास्तवमा झापा विद्रोहमा महिलाको योगदान पुरुषकोभन्दा कम नरहेको नेपाल कम्युनिस्ट पार्टी (एमाले) की केन्द्रीय सदस्य मेनुका काफ्लेले बताइन् ।

उनका अनुसार लीला कट्टेल, सीता खड्का, गौरा प्रसाईं, जीवन घिमिरे, रीता खड्कालगायत वीराङ्गना विद्रोह शुरू हुनुअघि नै क्रान्तिको तयारीका लागि भूमिगत भइसकेका थिए । क्रान्तिकालमा सुरक्षित सेल्टर दिने र राज्यको दमन खेप्ने महिलाको साहसिक कथाको अझै खोजी हुन नसकेको उनको भनाइ छ ।

"लीला कट्टेल त कोअर्डिनेसन केन्द्र (कोके) झापाकै कार्य समिति सदस्य हुनुभएको विभिन्न दस्तावेजले देखाउँछ । सीता र गौरा उमेरका हिसाबले कलिलै भएकाले उहाँहरू बालसेना (रेडगार्ड)मा आबद्ध भएर पार्टीले अह्राएका गतिविधि गरेको पार्टीको दस्तावेजमा उल्लेख छ," काफ्लेले भनिन् ।

"झापा विद्रोहमा योगदान पुर्‍याउने महिलामा एकथरी कलिलो उमेरका विद्यार्थी थिए भने अर्काथरी पति राजनीतिमा लागेपछि क्रान्तिकारी विचारबाट प्रभावित भएका पत्नी थिए," नेकपा एमाले सल्लाहकार परिषद् सदस्य विष्णु प्रसाईंले भने, "यसबाहेक शिक्षकका रूपमा काम गरिरहेका र किसान महिला क्रान्तिमा होमिएका थिए ।"

निरङ्कुश शासन भएको समाजमा महिलाले कम्युनिस्ट बनेर विद्रोहको राँको बोकेर हिंड्नु आफैंमा क्रान्तिकारी रहेको एमाले नेत्री लता प्रसाईंले बताइन् । "प्रहरीको निगरानी छल्दै सेल्टरमा



दु:खपूर्वक दिनरात बिताउनु र पार्टीको गतिविधिमा सहभागी हुने क्रममा महिलाले भोगेका एक/एक सास्ती कथा बन्न सक्छन्," उनले भनिन् ।

झापा विद्रोहका योद्धाहरूलाई खाना खुवाउने, सेल्टर दिने र उनीहरूको सन्देश गाउँहरूमा फिंजाउने काममा थुप्रै विद्यार्थी र पाका महिला सहभागी हुने गरेका प्रसाईंले जानकारी दिइन् । जीवन घिमिरे, विश्वश्वरा दाहाल, जानुका दाहाल, इन्दिरा चापागाईं, छायादेवी चापागाईं, नीरा प्रसाईं खरेल, रीता खड्का चौधरी, लक्ष्मी ढकाललगायत नेताहरू उक्त विद्रोहमा सहभागी भएका उनको भनाइ छ ।

नेपालमा महिलाको योगदान जहिले पनि ओझेलमा पर्ने गरेको एमाले केन्द्रीय सदस्य काफ्लेले बताइन् । आन्दोलनको विगुल फुक्नुपर्दा र कठिन घडीमा महिलालाई अघि सार्ने गरिएको अनुभव उनले सुनाइन् ।

"नारा र दस्तावेजमा महिला अधिकार र हितका कुरा धेरै पाइन्छन्," काफ्लेले भनिन्, "जब आन्दोलनले सफलता पाउँछ, पद र अवसर वितरणका बेला महिलालाई बिर्सने गरिन्छ । घोषणापत्र र नारा भुल्ने गरिन्छ ।"

झापा विद्रोहमा महिलाले गरेको त्याग, सङ्घर्ष र बलिदानीको हालसम्म पनि उचित खोजी र सम्मान हुन नसकेको महिलाहरूको गुनासो छ । झापा विद्रोहका साथै विसं २०४६ र २०६२/६३ सालको जनान्दोलन, १० वर्षे जनयुद्धलगायत विभिन्न आन्दोलनमा महिलाले अग्रणी भूमिका निर्वाह गरेका नेकपा (माओवादी केन्द्र)की केन्द्रीय सदस्य लक्ष्मी न्यौपानेले बताइन् ।

"जनयुद्धमा महिलाले बन्दुक बोकेर युद्ध मैदानको कमान्डसमेत सम्हालेका थिए । आन्दोलनपछि आएको राजनीतिक परिवर्तनमा महिलाले उचित सम्मान र अवसर पाउन सकेका छैनन्," उनले भनिन् ।

झापा विद्रोहमा जेल परेका पाँच योद्धा रामनाथ दाहाल, नेत्र घिमिरे, बीरेन राजवंशी, कृष्ण कुइँकेल र नारायण श्रेष्ठलाई विसं २०२९ फागुन २१ गते साँझपख झापा र इलामको सिमानास्थित सुखानी जङ्गलमा गोली हानेर हत्या गरिएको थियो । उक्त घटना भएको १७ वर्षपछि जनान्दोलनको बलमा मुलुकमा प्रजातन्त्र बहाली भएको जानकारहरू बताउँछन् ।

प्रजातन्त्र बहाली भएको २६ वर्षपछि (२०७२ फागुन १९ गते) मात्र राज्यले सुखानीमा जीवनको आहुति दिएका ती पाँच योद्धालाई शहीदका रूपमा चिनेको नेकपा एमाले प्रदेश कमिटी सदस्य गणेश पोखरेलले बताए । उनका अनुसार सुखानी हत्याकाण्ड भएको शहादतस्थलमा पाँच विद्रोहीको सालिकसहित अग्लो स्मारक निर्माण गरिएको छ ।

सालिक राखिनुअघि त्यहाँ पाँचवटा रूखको फेदमा फलामको बेराभित्र सिमेन्टको सानो स्मारक मात्र थियो । झापा विद्रोहलाई सम्झिएर विद्रोहीहरूप्रति श्रद्धासुमन अर्पण गर्न उक्त स्थानमा बर्सेनि हजारौं मानिस जान्छन् । फागुन २१ गते उक्त स्थानमा विभिन्न कम्युनिस्ट पार्टीले श्रद्धाञ्जलि कार्यक्रमको आयोजना गर्दै आएका पोखरेलले जानकारी दिए ।

# नारायणगढ-बुटवल सडकको अवरोध अझै हटेन

मध्यबिन्दु (नवलपरासी), २१ फागुन/रासस

पूर्व-पश्चिम राजमार्ग अन्तर्गत नवलपरासी-बर्दघाट सुस्तापूर्वको दाउन्ने क्षेत्रमा आइतवार साँझदेखि अवरुद्ध भएको सडक अझै पूर्णरूपमा सञ्चालन हुन सकेको छैन । आइतवार साँझको वर्षाले सडक स्तरोन्नतिका लागि भित्तो काटिएको क्षेत्रमा रातो माटो बगाएर ल्याएपछि सडक अवरुद्ध भएको हो ।

रातो माटोका कारण सडक चिप्लो हुँदा यातायातका साधन सञ्चालनमा अवरोध भइरहेको जिल्ला प्रहरी कार्यालय, नवलपरासी-बर्दघाट सुस्तापूर्वका प्रहरी निरीक्षक साजनकुमार शर्माले बताए ।

बाटो अवरुद्ध भएपछि दाउन्ने सडकखण्ड अहिलेसम्म पनि सञ्चालन हुन नसक्दा सयौं यात्री एवं सवारी बीच बाटोमा नै अलपत्र परेका छन् । सडक सञ्चालनका लागि हिलो माटो डोजर लगाएर हटाइए पनि पहाडी क्षेत्र भएकाले सडक चिप्लो भएर गाडी चलाउन समस्या भएको प्रनि शर्माले जानकारी दिए ।

लामो समयदेखि निर्माणाधीन नारायणगढ-बुटवल सडकखण्ड आइतवारको वर्षाका कारण अहिले हिलाम्मे भएको छ । मालवाहक सवारीहरू धेरै ठाउँमा फसेकाले अन्य स्थानमा पनि सवारी सञ्चालन गर्न समस्या भइरहेको प्रहरीले जानकारी दिएको छ ।

# टाटासुमोले ठक्कर दिंदा दुईजनाको मृत्यु, एकजना घाइते

जलेश्वर (महोत्तरी), २१ फागुन/रासस

महोत्तरीको मटिहानी जनकपुर सडकखण्डमा भारतीय टाटासुमोले ठक्कर दिंदा दुईजनाको मृत्यु भएको छ भने एकजना घाइते भएका छन् । मृत्यु हुनेमा महोत्तरी पिपरा गाउँपालिका-५ का ६० वर्षीय अकबर राइन र धनुषा क्षीरेश्वरनाथ नगरपालिका-१ का ६० वर्षीय राजकिशोर यादव रहेको जिल्ला प्रहरी कार्यालय, महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक दिलीपकुमार गिरीले जानकारी दिए ।

जनकपुरतर्फबाट मटिहानीतिर गइरहेको बिआर ०६ पिडी ३३३० नम्बरको टाटासुमोले गएराति पिपरा-१ स्थित सडकखण्डमा पिपराबाट मटिहानीतिर जाँदै गरेको मधेस प्रदेश ०१ त ३००९ नम्बरको ट्याक्टरलाई ठक्कर दिएको थियो । ठक्करबाट ट्याक्टरमा पछाडि बसेका राइनको मृत्यु भएको थियो भने सोही क्रममा टाटासुमोले विपरीत दिशाबाट साइकलमा आउँदै गरेको यावदलाई ठक्कर दिएको थियो ।

सोही टाटासुमोको ठक्करबाट ट्याक्टरमा सवार पिपरा-५ का ६० वर्षीय झप्सी कबाडी गम्भीर घाइते भएका थिए । उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचार भइरहेको जनाइएको छ । टाटासुमो पनि मटिहानी-४ स्थित सडकछेउमा पल्टिएर दुर्घटना भएको र चालक फरार रहेको बताइएको छ ।

# नेप्से परिसूचक छ प्रतिशतले बढेपछि कारोबार स्थगित

काठमाडौं, २१ फागुन/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक छ प्रतिशतले बढेपछि सोमवारको शेयर कारोबार स्थगित भएको छ । आज बजार खुले लगत्तै परिसूचक चार प्रतिशतले वृद्धि भएको थियो ।

नेपाल स्टक एक्सचेन्ज (नेप्से)का अनुसार चार प्रतिशतले बजार बढेपछि पहिलोपटकको लागि २० मिनेटको लागि कारोबार स्थगित गरिएको थियो । त्यसपछि खुलेको बजारमा परिसूचक पाँच प्रतिशतले बढेपछि दोस्रोपटक ४० मिनेटको लागि कारोबार स्थगित गरिएको थियो ।

त्यसपछि पुन: कारोबार शुरू भएपछि नेप्से परिसूचकमा छ प्रतिशतको वृद्धि भएपछि आजको कारोबार स्थगित भएको नेप्सेका प्रवक्ता मुरहरि पराजुलीले जानकारी दिए ।

आजको कारोबारमा नेप्से परिसूचक ११७ दशमलव ७० अङ्कले उकालो लागेर दुई हजार ७८ मा पुगेको छ । विभिन्न पाँच कम्पनीका शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ ।

आज विभिन्न २३७ कम्पनीका नौ लाख ३४ हजार ९१९ कित्ता शेयर रु ३७ करोड ५२ लाख नौ हजार ९७८ मूल्यमा कारोबार भएका छन् । कारोबार भएकामध्ये २३० कम्पनीका शेयर मूल्य उकालो लाग्दा दुई कम्पनीको मात्रै शेयर मूल्य घटेको छ ।

# संरक्षणको पर्खाइमा जलमुनिका महादेव जलेश्वरनाथ

सञ्जीतकुमार मण्डल
जलेश्वर, २१ फागुन/रासस

गर्मीयाम होस् वा चीसोको सिरेटो चल्ने याम होस्, चाहे हावाहुरी होस् वा झमझम पानी परेको अवस्था होस्, वर्षभरि नै पानीमुनि बस्ने महादेवको नाउँ हो बाबा जलेश्वरनाथ । महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर नगरपालिका–१ मा अवस्थित बाबा जलेश्वरनाथ महादेव बाऱ्हैमास जलमुनि बसिराख्ने हुनाले नै उनको नाम जलेश्वरनाथ रहेको हो भने उनकै नाउँमा यस नगरको नाउँ पनि जलेश्वर रहेको किंवदन्ती छ ।

यस मन्दिरमा जलेश्वरनाथ महादेव साक्षात् विराजमान रहेको साधुसन्तहरू बताउँछन् । बाबा जलेश्वरनाथ महादेवको मन्दिरमा बस्दै आएका जोगी, संन्यासी, साधु, सन्त र महात्माहरू अहिले महाशिवरात्रिको महीना आउने बित्तिकै सम्पूर्ण जलेश्वर नगर शिवमय बनेको बताउँछन् । शिवरात्रिको अवसर पारेर महादेव शिवशम्भु अहिले स्वयम् यहाँको वातावरणमा विराजमान रहेको उनीहरूको भनाइ छ ।

जलेश्वरनाथ महादेव मन्दिरको मूल गुफामा लेखिएको छ, 'जलेश्वरो महालिङ रुद्रेन स्थापित स्वयम्' अर्थात् जलेश्वरनाथ महालिङ्ग स्वयम् महादेवले स्थापना गरेका हुन् । जलेश्वरनाथ महादेवको स्थापना नेपालीहरूको आराध्यदेव भगवान् देवादिदेव महादेवले स्वयम् गरेको शिव महापुराणमा पनि उल्लेख छ ।

यो मन्दिर कहिले बनेको बारेमा कुनै प्रमाण छैन भने स्वयम् महादेवले नै निर्माण गरेको कुरा शिवमहापुराणमा उल्लेख छ । अनादिकालमा जलेश्वर घना जङ्गल रहेका बेला बाबा जगदीशनाथ, चतुर्भुजनाथ र तसमैया बाबा आएर जलेश्वरमा बसेको बेला स्वयम् महादेवले बाबा जगदीशनाथलाई स्वप्न दिएर जलेश्वरमा महादेवको मन्दिर निर्माण गर्न आदेश दिएको किंवदन्ती रहेको जलेश्वरनाथ महादेवका मूल पुजारी उपेन्द्र पाठक बताउँछन् । जङ्गलमा बाघ, भालु, हात्ती जस्ता जङ्गली जनावरहरू रहेको यस ठाउँमा कोही पनि कामदार काम गर्न नआउने भनेपछि स्वयम् रुद्र (महादेव)ले जलेश्वरनाथको मूल गुफासहितको मन्दिर प्रकट गरिदिएको शिवमहापुराणमा उल्लेख रहेको जलेश्वर नगरपालिका–८ बस्ने पुजारी कालीकान्त झा बताउँछन् ।

जलेश्वरनाथ महादेवको मूल गुफा जमीनको सतहदेखि १६ सिंढी (भऱ्याङ) मुनि जमीनभित्र रहेको छ । यहाँ २४ घण्टा जल भरिएको हुन्छ र बाबा जलेश्वरनाथ महादेव वर्षको ३६५ दिन जलमैं विराजमान रहन्छन् । महाशिवरात्रिको महीनाभरि त बाबा जलेश्वरनाथ २४सैं घण्टा जलेश्वरनाथ महादेव मन्दिरमैं विराजमान रहने जनविश्वास छ ।

मन्दिरमा भगवान् शिवको शिवलिङ्ग दर्शनका लागि भक्तजनले विशेष दिनको प्रतीक्षा गर्नुपर्छ । यस मन्दिरभित्र करीब २० फिटमुनि जलमा बास बसेका महादेवको दर्शन गर्न मन्दिरभित्रको जल बाहिर फ्याँकेपछि मात्रै सम्भव हुने गर्छ र



तस्वीरः फाइल

सो जल विशेष पूजा अर्चना गरिने दिनमा मात्रै फ्याँकिने हुँदा भक्तजनलाई बाबा जलेश्वरनाथको दर्शनका लागि विशेष दिनको प्रतीक्षा गर्नुपर्ने महाशिवरात्रि पूजा महोत्सवका पूर्वअध्यक्ष रमनकुमार चौधरीले बताए ।

यस मन्दिरमा महाशिवरात्रि र साउनको प्रत्येक सोमवार र प्रत्येक महीनाको पहिलो सोमवारको दिन विशेष मेला लाग्ने गर्छ । रुद्रले स्वयम् गुफासहितको मन्दिर निर्माण गरिदिएपछि बाबा जगदीशनाथले नित्य पूजाआजाका साथै यस मन्दिर र महादेवको बारेमा प्रचारप्रसार गरे । बाबा महादेवको चौतर्फी चर्चा गरेर प्रख्यात बनाउन भूमिका खेलेका जगदीशनाथ जीवनको अन्तिम कालमा बाबाको मन्दिरको ठीक सामुन्नेमा समाधि (मृत्युवरण) लिएकाले उनको सानो मन्दिर पनि जलेश्वरनाथको मन्दिरको सामुन्ने बनाइएको छ । भक्तजनले बाबा जलेश्वरनाथ महादेवको दर्शन र पूजाआजापछि जगदीशनाथको पनि पूजाअर्चना गर्छन् ।

बाबा जलेश्वरनाथको गुफासहितको मन्दिर स्वयम् उत्पत्तिपश्चात् इतिहासको समय र कालखण्डसँगै नेपालमा शाहवंशीय राज्य भएको बेला विसं १८६७ मा राजा गिर्वाणयुद्ध विक्रम शाहले महोत्तरीको तत्कालीन कञ्चनपुर गाउँस्थित जङ्गल (हाल रामगोपालपुर नगरपालिका–७)मा शिकार खेल्न आएका बेला जलेश्वरनाथ महादेव मन्दिरलाई सञ्चालन, व्यवस्थापन र पूजाआजाको लागि २७५ बिघा जग्गा र चारवटा महापोखरी दान दिएको मन्दिरमा रहेको ताम्रपत्रमा उल्लेख छ । यसलाई मौजेको नाउँमा जनिन थालियो । मौजेको रूपमा मन्दिरले जलेश्वर मौजे, बजराही मौजे, बहेरा मौजे, डाम्ही महेशपुर मौजेलगायतका मौजेहरू पाएका थिए भने वरुण सरोवर, पुरन्दर सरोवर, मखान पोखरी र महन्त पोखरी जस्ता महापोखरी पनि पाएका थिए ।

शिवपुराणमैं उल्लेख भए अनुसार जलेश्वरनाथ महादेवको ठीक अगाडि रहेको वरुण सरोवरमा स्नान मात्र र बाबा जलेश्वरनाथ महादेवको दर्शन मात्रले प्राणीले मुक्ति पाउने गर्छ । लामो समयसम्म बाबा जलेश्वरनाथसँग रहेका दर्जनौं मौजे र महापोखरीबाट आएका आम्दानीबाट मन्दिरको दैनिक पूजाआजा, भगवान् शिवको भोग, साधुसन्तको भण्डारा र आगन्तुकहरूको स्वागत सत्कारसमेत हुने गरेको थियो ।

यस महादेव मन्दिरमा पूजाआजाको लागि द्वन्द्व गिरी नाउँको पूजारी रहेको थियो । उनले लामो समयसम्म बाबा जलेश्वरनाथको सेवा गरेका थिए । समय बित्दै जाँदा १९९५ सालमा बडाहाकिम रामशमशेरले जलेश्वरनाथ महादेवको भित्री गुफासहितको मन्दिरको माथि पुनः आकर्षक र ठूल्ठूला बुर्जासहितको अद्वितीय मन्दिर निर्माण गरे । यस महामन्दिर निर्माण गर्न त्यस बेला रु २५ हजार खर्च भएको थियो ।

महामन्दिर निर्माण गर्न सख्खर, उरिद, चुन, सुरखी, कत्थालगायतका वस्तुहरूको प्रयोग गरिएको थियो । यस महामन्दिर निर्माणको बेला जलेश्वरनाथ महादेव मन्दिरको पुजारी राजनारायण गिरी रहेको उल्लेख छ । बाबा जलेश्वरनाथ महादेवको मन्दिरमा साक्षात् शिवको बास रहेको र चोखो मन वचनले भाकल गर्नेको मनोकामना अवश्य नै पूरा हुने गरेको जनविश्वास रहिआएको पुजारी झा बताउँछन् ।

जलेश्वरनाथको महिमा नेपालमा मात्र नभई भारतको पटना, दरभङ्गा, मुजफ्फरपुर, सीतामढी, मधुवनीलगायतका शहरमा पनि रहेको पाइन्छ । ती स्थानहरूबाट बर्सेनि बाबा जलेश्वरनाथको दर्शनका लागि हजारौं दर्शनार्थी आउने गरेका अर्का पुजारी उपेन्द्र पाठक बताउँछन् ।

पहिला महादेव मन्दिरसँग सयौं बिघा जग्गा र चार महत्त्वपूर्ण पोखरी रहेकाले निकै भव्य तरीकाले सञ्चालन, व्यवस्थापन हुँदै आएको थियो । समय बित्दै जाँदा पद्मशमशेरको पालामा उनले यस मन्दिरको अधीनमा रहेका जग्गाहरू आफ्ना गुरु पुरोहित गोपालबहादुर उपाध्याय, रामबहादुर उपाध्यायलगायतका चार/पाँच दाजुभाइलाई दान दिएको चर्चा छ । पद्मशमशेरले दान दिएपछि गुरु पुरोहित र उनका सन्तानले मन्दिरका मौजेहरू बेचेर खाएपछि बिस्तारै मन्दिरको आर्थिक अवस्था कमजोर बन्यो ।

विसं १९८३ को स्रेस्तामा सयौं बिघा जग्गा मन्दिरको नाउँमैं उल्लेख रहेको देखाउँछ । त्यसैगरी, २००२ सालसम्म मन्दिरको महन्तको नाउँमा मौजेहरू रहेका उल्लेख छ तर मन्दिरका सयौं बिघा जग्गाको मौजे विसं २००८ देखि हराएको छ । मन्दिरका चार महापोखरी अहिले जलेश्वर नगरपालिकाले आफ्नो कब्जामा लिएको छ ।

मन्दिरकै दक्षिणपट्टि रहेको गुठी संस्थानसँग रहेको ताम्रपत्रमा राजा गिर्वाणयुद्ध विक्रम शाहले दान दिएको मन्दिरका २७५ बिघा जग्गा र चार महापोखरीको उल्लेख अझै पनि सुरक्षित रहेको छ । कुनै बेला चार महापोखरी र २७५ बिघा जग्गाको मालिक रहेका जलेश्वर महादेवलाई अहिले पूजाआजा र भोग (प्रसाद)का लागि पनि केही नरहेको पुजारी उपेन्द्र पाठकले बताए । उनी भन्छन्, "कुनै बेला सयौं बिघा जग्गा र चार महापोखरीको मालिक रहनुभएका बाबा जलेश्वरनाथ आज साँच्चीकै भिखारी हुनुभएको छ । आज यस मन्दिरसँग केही पनि छैन ।" भक्तजनले चढाएको भेटी, चन्दा र अन्य सहयोगबाटै नित्य पूजाआजा तथा प्रसाद (भोग) पनि चल्ने गरेको छ ।

आजसम्म कुनै पनि दिन बाबाको पूजाआजा प्रभावित नभएको, भोग प्रसादको कमी नभएको, बाबाको सेवामा लागेका कोही पनि भोकै बस्न नपरेको र आगन्तुकसमेतलाई पनि कहिले कुनै समस्या नभएको पुजारी पाठक बताउँछन् । उनले भने, "कहाँबाट कसले कतिबेला ल्याइदिन्छ, थाहा हुँदैन । सबै बाबा महादेवको कृपाले चलेको छ ।"

विसं २०७२ को भूकम्पपछि टेकोको भरमा रहेको बाबा मन्दिरमा पछिबाट निर्माण गरिएको बाहिरी विशाल मन्दिर बाबाको शिवलिङ्गको ठीक माथि भित्रपट्टिबाट झुकेको र कुनै पनि बेला ढल्न सक्ने अवस्थामा पुगेको जलेश्वरनाथ महादेव मन्दिरका पुजारी पाठक बताउँछन् ।

मन्दिरको अवस्था अवलोकनका लागि विगत सात/आठ वर्षमा पुरातत्त्व विभागबाट पनि चार/पाँच पटक विज्ञहरू आएर मन्दिरको अवस्था हेरेर गएको भएपनि बाबा मन्दिरको जीर्णोद्धार तथा मर्मतसम्भारको लागि कतैबाट कुनै सहयोग नआएको पुजारीहरूको दुःखेसो छ । जलेश्वर नगरपालिकाका प्रमुख सुरेश साह सोनार मूल मन्दिरको संरक्षणको लागि विशेष पहल र वृहत् योजनाको आवश्यकता रहेको बताउँछन् । जीर्ण तथा ढल्ने अवस्थामा पुगेको ऐतिहासिक बाबा जलेश्वर मन्दिरको तत्काल जीर्णोद्धार र मर्मतसम्भार गरी संरक्षण, संवर्द्धन, व्यवस्थापनका लागि पनि यथोचित व्यवस्था गर्न पहल गरिने उनको भनाइ छ ।

एक सातापछि हुन लागेको महाशिवरात्रि पर्वको अवसर पारेर अहिले बाबा जलेश्वरनाथ मन्दिरलाई दुलहीझैं सिङ्गारिंदै छ भने यस वर्ष बाबा जलेश्वरनाथ महालिङ्गको दर्शन करीब तीन लाख भक्तजनले गर्ने अनुमान रहेको महाशिवरात्रि पूजा महोत्सवका अध्यक्ष अमरदीप साहले बताए । उनले यस वर्ष महाशिवरात्रि पर्वको लागि मन्दिरभरि तथा मन्दिर परिसरमा भव्य झिलीमिली बिजुलीबत्ती, फूलमाला र विशेष प्रकारको सजावट गरिने बताए । त्यस्तै, महाशिवरात्रिको अवसरमा यस वर्ष जलेश्वरमा विशेष प्रवचन कार्यक्रम, विशेष शिवदर्शन तथा हेलिकप्टरबाट पुष्पवृष्टि गराउने योजनासमेत रहेको जनाइएको छ ।


**हिमपहिरोः** हिमाली जिल्ला मनाङको मनाङ डिस्याङ गाउँपालिका–१ तलेखुस्थित सोमवार गएको हिमपहिरो ।
तस्बिरः नवीन लामिछाने/रासस

## फरक समाचार

### मधुमेह बिरामीले यसरी भात खान सक्छन्

मधुमेह एउटा जटिल रोग हो, यसले जीवनभरि दुःख दिन्छ । मधुमेह भएपछि खानपानमा विशेष ध्यान दिनुपर्छ, नत्र बिरामी हुन सक्छ । मधुमेहका




बिरामीहरूलाई भात नखान सल्लाह दिइन्छ तर नेपालीहरू भात नखाईकन बस्न सक्दैनन् । एकजना चिकित्सकका अनुसार मधुमेहका बिरामीले पूर्णरूपमा भातसँग परहेज गर्नुपर्दैन, बरु भातलाई पकाउने तरीका थाहा पाउनुपर्छ ।

डा मनन बोहराले आफ्नो इन्स्टाग्राम अकाउन्टमा एउटा भिडियो शेयर गर्दै भनेका छन्– तपाईंको घरमा कसैलाई मधुमेह छ भने त्यस्ता बिरामीको लागि कसरी भात पकाउने ? चामलको ग्लाइसिमिक इन्डेक्स निकै बढी हुन्छ, जसबाट तपाईंको ब्लडसुगर लेभल सजिलै बढ्छ । तर यसको पनि उपाय छः

चामललाई प्रेशरकुकरको सट्टा खुला भाँडामा पकाउनुपर्छ र बढीभन्दा बढी माड बगाउनुपर्छ । त्यसबाट चामलको स्टार्च कन्टेन्ट कम हुन्छ । यसको अलावा भातलाई फाइबर र प्रोटिनको राम्रो स्रोतसँग मिलाएर पकाउन पनि सकिन्छ । अर्थात अन्डा, पनिर, दही र ताजा तरकारीसँग भातलाई मिसाएर पकाएर खान सकिन्छ । मधुमेह भएका व्यक्तिले धेरै भात खानुहुँदैन, थोरै भात खान सक्छन् । भात खाएपछि केहीबेर घुमफिर गर्नुपर्छ । यसबाट ब्लड सुगर लेभल कम हुन्छ । त्यस्तै, ९/१० घण्टा पहिले पकाएर चीसो भएको भात पनि मधुमेहका बिरामीहरूले खान सक्छन् ।

### गणितको कठिन प्रश्न हल गर्ने एप

अधिकांश विद्यार्थीका लागि गणित सबैभन्दा गाऱ्हो विषय हुन्छ तर गूगलसँग यसको समाधान पनि छ । गूगलको एउटा एपले कठिनभन्दा कठिन गणितको प्रश्नको हल गर्न सक्छ । त्यस एपको नाम हो फोटोम्याथ । फोटोम्याथ एउटा यस्तो एप हो, जसले गणितको प्रश्नलाई स्क्यान गरेर चरण–दर–चरण समाधान प्राप्त गर्ने अनुमति दिन्छ । यसले बिजगणित, ज्यामिति, त्रिकोणमिति र क्यालकुलेसनसहित विभिन्न प्रकारका गणितका प्रश्नहरू हल गर्न सक्छ ।




**कसरी प्रयोग गर्ने:** फोटोम्याथको उपयोग गर्न निकै सजिलो छ । एप खोल्नुस् र गणितको प्रश्नको तस्बिर खिच्नुस् । बाँकी काम फोटोम्याथले स्वतः गरिदिन्छ । एपले स्वचालितरूपले प्रश्न पहिचान गरेर त्यसको चरण–दर–चरण समाधान प्रदान गर्नेछ । फोटोम्याथ विद्यार्थी, शिक्षकको लागि निकै उपयोगी टूल हो । यो एउटा शक्तिशाली उपकरण हो, जसको उपयोग गणितलाई राम्ररी बुझ्न र गणितको गृहकार्य तथा परीक्षणलाई पूरा गर्न प्रयोग गर्न सकिन्छ ।

**फोटोम्याथका केही लाभः** यसले गणितको प्रश्न चाँडै र सजिलै हल गर्न मदत गर्छ । विद्यार्थीलाई गणितको बुझाइ राम्रो ढङ्गले सम्झाउन सक्छ । गणितको गृहकार्य र परीक्षणमा राम्रो प्रदर्शन गर्न मदत गर्छ । यसको उपयोग शिक्षकद्वारा गणितको बुझाइलाई पढाउनमा मदत गर्छ । फोटोम्याथ एउटा सित्तैमा पाइने एप हो । यो आइओएस र एन्ड्रोइड डिभाइसमा डाउनलोड गर्न सकिन्छ ।

यहाँ फोटोम्याथको उपयोग गर्ने तरीकाबारे चरण–दर–चरण सम्झाइएको छ । आफ्नो डिभाइसमा फोटोम्याथ एप खोल्नुहोस् । गणितको प्रश्नको तस्बिर खिच्नुहोस् । फोटोम्याथले अटोमेटिकरूपले प्रश्नको पहिचान गरेर त्यसलाई चरण–दर–चरण हल प्रदान गर्छ । यदि तपाईं प्रश्नको समाधानको बारेमा बढी जान्न चाहनुहुन्छ भने प्रत्येक चरणलाई ट्याप गर्न सक्नुहुन्छ । फोटोम्याथ एउटा शक्तिशाली उपकरण हो, जसको उपयोग गणितको प्रश्नको हल गर्न र गणितलाई राम्ररी बुझ्नको लागि बनाइएको हो । शिक्षक र विद्यार्थीको लागि उपयोगी टूल हो ।

### ग्याँस, पेट दुखाइको औषधिबाट क्यान्सरको खतरा

लामो समयदेखि ग्याँस र पेट दुखाइ कम गर्ने औषधिको सेवन गरिरहनुभएको छ भने सावधान हुनुहोला । जिएसबिएम मेडिकल कलेजले गरेको अध्ययनमा भनिएको छ– लामो समयसम्म ग्याँस र पेट दुखाइ कम गर्ने औषधिको सेवन गर्दा



क्यान्सरजस्तो खतरनाक बिरामी लाग्न सक्छ । हिन्दुस्तान पत्रिकामा प्रकाशित एउटा समाचार अनुसार भारतको कानपुरस्थित जिएसबिएम मेडिकल कलेजको मेडिसिन विभागद्वारा गरिएको यस अध्ययनमा २० देखि ६० वर्ष आयुका ३०० रोगीलाई सामेल गरिएको थियो । यसमध्ये ५० प्रतिशत युवा थिए । सबै रोगी लामो समयदेखि ग्याँसबाट पीडित थिए र नियमितरूपले औषधिको सेवन गरिरहेका थिए । अध्ययन अनुसार ४० प्रतिशत रोगीमा ग्याँस र पेट दुखाइको समस्याको उपचार नगराउँदा क्यान्सरको खतरा बढेको थियो । यी रोगीको पेटमा अल्सर भेटिएको थियो । अध्ययनका प्रमुख प्रोफेसर डा एसके गौतमका अनुसार सबै रोगीको जाँचमा एच पायलोरी नामक एउटा सङ्क्रमण भेटिएको थियो । यो सङ्क्रमण आन्द्रामा फैलिएको थियो र एन्डोस्कोपीमा आन्द्रा सुन्निएको देखिएको थियो ।

**अध्ययनको प्रमुख तथ्यः** २० देखि ६० वर्ष आयु भएका ३०० रोगीहरूमाथि अध्ययन गरिएको थियो । ५० प्रतिशत युवामा गलत दिनचर्या र बजारको खाना मुख्य कारण थियो । लामो समयसम्म ग्याँस र पेट दुखाइ कम गर्ने औषधिको सेवनबाट क्यान्सरको खतरा बढेको भेटियो । ४० प्रतिशत रोगीमा क्यान्सरको खतरा पेटमा अल्सर भेटिएको थियो ।

**चिकित्सकको सल्लाहः** ग्याँस र पेट दुखाइको समस्या भएपछि चिकित्सकसँग सल्लाह लिनुस् । लामो समयसम्म ग्याँस र पेट दुखाइ कम गर्ने औषधिको सेवन नगर्नुस् । स्वस्थ दिनचर्या अपनाउनुस्, ताजा र पौष्टिक भोजन खानुस् । नियमितरूपमा व्यायाम गर्नुस् । – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# बङ्गलादेशका नोबेल पुरस्कार विजेतालाई भविष्यको चिन्ता

ढाका, २१ फागुन/एएफपी

बङ्गलादेशका नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसले प्रधानमन्त्रीले आफूलाई किन घृणा गर्छन् भन्ने 'लाखौं डलरको प्रश्न' भएको बताएका छन् । यद्यपि धेरै मानिसले प्रधानमन्त्रीले उनलाई राजनीतिक खतराको रूपमा हेरेको विश्वास गर्छन् ।


मुहम्मद युनुस । तस्वीरः एजेन्सी

८३ वर्षीय युनुसलाई उनको अग्रणी लघुवित्त बैंकका साथ लाखौं मानिसलाई गरीबीबाट बाहिर निकालेको श्रेय दिइन्छ तर उनले लामो समयसम्म प्रधानमन्त्री शेख हसिनाको दुश्मनी कमाएका छन् ।

एउटा आपराधिक मुद्दामा उनलाई सजाय दिइएको केही सातापछि गत महीना उनका धेरै फर्मलाई 'जबरजस्ती' कब्जामा लिइएको थियो । उनका समर्थकहरूले उनलाई दिइएको सजाय राजनीतिकरूपमा प्रेरित भएको बताएका छन् ।

"उहाँ मलाई खुन चुसाहा भन्नुहुन्छ, मलाई सबै फोहोर शब्दले गाली गर्नुहुन्छ," युनुसले हसिना स्वयंलाई सीधा आरोप लगाउन सावधानी अपनाउँदै भने, "उहाँ मलाई किन घृणा गर्नुहुन्छ ? केही मानिस यो राजनीतिक हो र उहाँ मलाई एक राजनीतिक प्रतिद्वन्द्वीका रूपमा हेर्नुहुन्छ भन्छन् ।"

जनवरीमा युनुस र उनले स्थापना गरेका कम्पनीहरूमध्ये एक ग्रामीण टेलिकमका तीन सहयोगीलाई श्रम कानूनको उल्लङ्घन गरेको आरोपमा छ महीनाका लागि कारागार सजाय सुनाइएको थियो । चारैजनाले ती आरोपहरूलाई अस्वीकार गरेका छन् र पुनरावेदन विचाराधीन रहेसम्म जमानत दिइएको छ ।

श्रम कानूनको उल्लङ्घन र कथित भ्रष्टाचारको आरोपमा एक सयभन्दा धेरै अन्य आरोपहरूको सामना गरिरहेका युनुसले आफ्ना कम्पनीहरू जबरजस्ती अधिग्रहण गर्नु देशमा लोकतन्त्रको अभाव रहेको प्रमाण भएको बताए । "ती मुद्दा कमजोर आधारमा बनाइएका हुन्," गत साता राजधानी ढाकामा एक अन्तर्वार्तामा उनले भने, "म यसका लागि कुनै कानूनी आधार देखिदनँ, सम्भवतः यो राजनीतिकरूपमा प्रेरित हो ।"

अमेरिकाका पूर्वराष्ट्रपति बाराक ओबामा र संयुक्त राष्ट्रसङ्घका पूर्वमहासचिव बान कि मुनसहित करीब १६० वैश्विक हस्तीहरूले गत वर्ष एक संयुक्तपत्र प्रकाशित गर्दै युनुनको 'निरन्तर न्यायिक उत्पीडन'को निन्दा गरेका थिए । उनका एक सयभन्दा धेरै नोबेल पुरस्कार विजेता साथीसहित हस्ताक्षरकर्ताहरूले उनीहरूलाई 'उहाँको सुरक्षा र स्वतन्त्रता' को डर भएको बताएका छन् ।

विपक्षीहरूको व्यापक बहिष्कार र आफ्ना राजनीतिक विरोधीहरूविरुद्ध ठूलो कारबाईसँगै वास्तविक विपक्षी दलहरूविनाको मतदानमा ७६ वर्षीया हसिनाले जनवरीमा आफ्नो लगातार चौथो आमनिर्वाचन जितिन् ।

बङ्गलादेशी अदालतहरूमाथि आलोचकहरूले हसिना सरकारले लिएका फैसलालाई औपचारिकरूपमा अनुमोदन गरेको आरोप लगाएका छन् । "यो एक दलीय राज्य हो किनकि अन्य दलहरूको कुनै गणना हुँदैन, हामी आफ्नो विचार व्यक्त गर्न सक्तैनौं र मतदान केन्द्रमा गएर आफ्नो मताधिकारको प्रयोग गर्न सक्तैनौं," आलोचकहरूले भनेका छन् ।

सन् २००७ मा युनुसले दशकौंदेखि हसिना र उनकी प्रतिद्वन्द्वी खालिदा जियाको प्रभुत्वमा रहेको राजनीतिमा तेस्रो विकल्प प्रस्तुत गर्नका लागि 'नागोरिक शक्ति' अर्थात् 'नागरिक शक्ति' आन्दोलन शुरू गरेका थिए । तर सत्ता सङ्घर्ष र झगडाका प्रतिद्वन्द्वीहरूले आफूलाई निराश बनाएपछि उनले आफू राजनीतिबाट पछि हटेको बताए ।

"म कुनै राजनीतिक व्यक्ति होइन, मैले त्यस्तो गर्दिनँ, त्यसैले मैले कुनै राजनीतिक दल खोल्न गइरहेको छैन भनेर तुरुन्त घोषणा गरें," उनले भने । उनले लोकतान्त्रिक अधिकारहरूको अत्यावश्यकतामाथि जोड दिए ।

"यदि तपाईंसँग लोकतन्त्र छैन भने मानव अधिकार लोप हुन्छ," उनले भने, "किनकि कसैले आपत्ति गर्दैन, तपाईंको रक्षा गर्ने कोही छैन, कानूनको शासन हराएको छ ।"

उनी आफ्ना कम्पनीहरू कब्जा गर्ने पछिल्लो प्रयास सरकारले गरेको थियो भन्नेबारे नबोल्न सतर्क छन् तर उनले आधिकारिक प्रतिक्रियाको पूर्ण अभाव रहेको बताए । "कानूनको शासन भए भवन, कार्यालयका विषयमा म प्रहरीकहाँ जाँदा प्रहरी तुरुन्तै आइपुग्छ किनकि उनीहरूको जिम्मेवारी मेरो रक्षा गर्नु हो," उनले भने, "प्रहरीले यस्तो गरेको छैन, उनीहरू गए मात्र, उनीहरूले केही पनि गलती देखेनन्, यो कानूनको शासन होइन ।"

उनलाई कार्बन उत्सर्जन कम गर्ने, बेरोजगारी अन्त्य गर्ने र गरीबी घटाउने उद्देश्यको 'थ्री जीरो' योजनाको भविष्यमाथि डर छ । "मलाई कारागारमा हालियो भने मानिसहरूले नयाँ संसार बनाउनका लागि आफ्नो दिनरात खर्च गरिरहेको यो विश्वमा जारी सम्पूर्ण आन्दोलनका लागि ठूलो धक्का हुनेछ," उनले भने ।

यद्यपि स्वीट्जरल्यान्ड वा अमेरिकामा स्वनिर्वासनमा काम जारी राख्ने प्रस्तावलाई अस्वीकार गर्दै युनुस बङ्गलादेशमैं बस्न कटिबद्ध छन् । "मलाई यहीं रहनुपर्छ र यहींबाट सबै शुरू भएको छ," उनले भने, "यो म मात्र होइन, यसप्रति समर्पित मुलुकभर मेरो पूरा समूह छ, उनीहरूले सम्पूर्ण जीवन यसैमा बिताएका छन्, यदि म स्थानान्तरण भएँ भने सम्पूर्ण कुरा बिग्रिनेछ, यसले सम्पूर्ण कुरा नष्ट हुनेछ ।" रासस

# भारतमा अक्टोबरमा भएको रेल दुर्घटनामा चालकको लापर्वाही : रेलमन्त्री

नयाँ दिल्ली, २१ फागुन/एएफपी

गत अक्टोबरमा रेलका चालकहरूले फोनमा क्रिकेट हेरिरहेका र रेलका लागि गरिएको ट्राफिक सङ्केत पालना नगरेका कारण रेलले अर्को रेललाई ठक्कर दिन पुगेको भारतीय रेलमन्त्रीले सोमवार बताएका छन् ।

गत अक्टोबरमा भएको एक दिवसीय विश्वकप क्रिकेटमा आयोजक भारतले इङ्गल्यान्डविरुद्ध खेल्दै गर्दा आन्ध्र प्रदेशमा उक्त दुर्घटना भएको थियो ।

रेलमन्त्री अश्विनी वैष्णवलाई उद्धृत गर्दै भारतीय समाचार संस्था (पिटिआई) ले लेखेको छ, "आन्ध्र प्रदेशमा भएको पछिल्लो रेल दुर्घटना चालकहरूले क्रिकेट खेल हेर्दै गर्दा विचलित भएका कारण भएको हो ।"

उनले भने, "अब भारतले कुनै पनि विचलन पत्ता लगाउन सक्ने प्रणालीहरू स्थापना गर्नेछ । नयाँ प्रविधिले चालकहरूलाई आफ्नो जिम्मेवारीबाट अन्यत्र ध्यान मोडेको खण्डमा उनीहरूको सवारीतर्फ ध्यान केन्द्रित गर्नेछ ।"

क्रिकेटका लागि 'क्रेजी' भारतका करोडौं शुभचिन्तकले अक्टोबरमा सम्पन्न विश्वकप खेलको प्रत्यक्ष प्रसारण हेरेका थिए ।

हिन्दुस्तान टाइम्सका अनुसार गत महीना एक मालवाहक रेलले चालकविना ७० किलोमिटर (४० माइल) यात्रा गरेको पुष्टि भएपछि अधिकारीहरूले स्टेशन मास्टर र अन्य तीनजना कर्मचारीलाई बर्खास्त गरेका थिए ।

गत महीना करीब ५० वटा डब्बा भएको रेल करीब दुई घण्टासम्म चालकको नियन्त्रणविना नै गुडेपछि लापरबाही गरेको भन्दै उनीहरूलाई पदबाट हटाइएको थियो ।

सन् १९८१ मा बिहार राज्यको एक पुल पार गर्ने क्रममा रेल दुर्घटना हुँदा ८०० जनाको मृत्यु भएको थियो ।

सन् २०२३ को जून महीनामा उडिसा राज्यमा तीनवटा रेल एकापसमा ठोक्किंदा करीब ३०० जनाको मृत्यु भएको थियो ।

हालैका वर्षहरूमा भारतले आधुनिक स्टेशनहरू र इलेक्ट्रोनिक सङ्केत प्रणालीहरूको जडान गरी नेटवर्क अद्यावधिक गर्न ठूलो रकम लगानी गरिरहेको छ । रासस

# चुनावपछि अमेरिका-चीन सम्बन्धमा सुधार आउने बेइजिङको विश्वास

बेइजिङ, २१ फागुन/एएफपी

चीनले आगामी नोभेम्बरमा हुने राष्ट्रपतीय निर्वाचनमा जोसुकैले जिते पनि अमेरिकासँगको सम्बन्धमा सुधार आउने आशा व्यक्त गरेको छ ।

बेइजिङ र वाशिङ्टनबीच हालैका वर्षहरूमा प्रविधि, व्यापार, मानव अधिकारका साथै ताइवान र दक्षिण चीन सागरमा प्रतिस्पर्धात्मक दाबीका मुद्दाहरूमा टकराव छ ।

ह्वाइट हाउसको नेतृत्वका लागि राष्ट्रपति जो बाइडेनविरुद्ध पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पलाई चुनौती दिने गरी आगामी नोभेम्बरमा हुने चुनावमा अमेरिकीहरूले भाग लिनेछन् ।

"तपाईंले अमेरिकी राष्ट्रपतिको चुनावको बारेमा उल्लेख गर्नुभयो, यो संयुक्त राज्य अमेरिकाको आन्तरिक मामिला हो," चिनियाँ संसद्का प्रवक्ता लू किन्जियानले सोमवारको पत्रकार सम्मेलनमा भने ।

"संयुक्त राज्य अमेरिकाले चीनसँग जोसुकै राष्ट्रपति भएपनि अमेरिकाले एउटै लक्ष्यका साथ अर्थात् स्थिर, स्वस्थ र दिगो चीन-अमेरिका सम्बन्धका लागि काम गर्न सक्छ भन्नेमा हामी पूर्ण आशा गर्छौं," लूले भने ।

चीनको स्थिति स्थिर रहेको र चीन-अमेरिकाबीचको सम्बन्ध स्थिर र सुधारिएको अवस्थामा देख्न सबै आतुर रहेको उनले बताए । रासस

# दूध बिक्री नभएपछि दैनिक ४२ लाख घाटा बेहोर्दै किसान

चितवन, २१ फागुन/रासस

दूध बिक्री घटेपछि जिल्लाका दुग्ध उत्पादक किसानहरूले दैनिक रु ४२ लाखको घाटा बेहोर्दै आएका छन् । जिल्लामा उत्पादित दूधमध्ये ६० हजार लिटर बिक्री हुन नसक्दा सो रकम बराबरको क्षति बेहोर्न किसान बाध्य भएका हुन् ।

चितवन जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घमा आबद्ध ४० हजारभन्दा बढी शेयर सदस्यहरूले सो मात्रामा दूध बिक्री गर्न नपाएको सङ्घले जनाएको छ । सङ्घका अध्यक्ष किशोर बगालेका अनुसार विगत १५ दिनदेखि दूध नउठ्दा किसानले समस्या झेल्नुपरेको हो । उनले दूध नउठ्दा समस्या भएको बताए । साउनयताको भुक्तानी रु ५२ करोड पाउन बाँकी भएपनि अहिले बिक्री हुन छाडेपछि किसान मारमा परेको उनको भनाइ छ ।

दैनिक तीन लाख ५० हजार लिटर दूध उत्पादन हुने चितवनबाट जिल्लाबाहिर दैनिक एक लाख ५० हजार लिटर दूध जाने गरेको छ । जसमध्ये ६० हजार लिटर दूध बिक्री हुन नसकेको हो ।

**संसद्मा दर्ता ...**

न्याय, परराष्ट्र, प्रशासन र लेखापरीक्षणलाई समावेश गरिएको छ ।

त्यसैगरी, सङ्घीय निजामती कर्मचारीका विभिन्न श्रेणी र तहको व्यवस्था गरिएको छ । विधेयकमा राजपत्राङ्कित विशिष्ट अधिकृत १४औं र १३औं तह हुनेछ । राजपत्राङ्कित प्रथममा १२औं र ११औं तह रहनेछ । राजपत्राङ्कित द्वितीयमा १०औं र नवौं तह छन् । छैटौं, सातौं र आठौं तहलाई राजपत्राङ्कित द्वितीय मानिएको छ । पहिलोदेखि पाँचौं तहसम्म राजपत्र अनङ्कित श्रेणीका रूपमा वर्गीकरण गरिएको छ ।

सङ्घीय निजामती सेवाको रिक्त पदमा खुला प्रतियोगिता, अन्तरसेवा प्रतियोगिता र बढुवाद्वारा पूर्ति गरिनेछ । बढुवालाई ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा बढुवा र आन्तरिक प्रतियोगिताबाट बढुवा गरिनेछ । खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ४९ प्रतिशत पद छुट्याइ सो प्रतिशतलाई शतप्रतिशत मानी त्यसको ५० प्रतिशत पदमा महिलाबीच मात्र र बाँकी ५० प्रतिशतमा अन्य समूहका उम्मेदवारबीच मात्र प्रतिस्पर्धा गराइनेछ ।

महिलाबीच मात्र प्रतिस्पर्धा गराइ पदपूर्ति गर्नका लागि छुट्याइएको ५० प्रतिशत पदलाई शतप्रतिशत मानेर महिला उम्मेदवारबीच पनि विभिन्न समूहमा प्रतिस्पर्धा गराइनेछ । महिला समूहभित्र पनि विभिन्न समूहमा आरक्षणसहित प्रतिस्पर्धा गराइनेछ । महिला समूहमा खसआर्यलाई २७ प्रतिशत, आदिवासी जनजातिलाई २५ प्रतिशत, मधेसीलाई १५ प्रतिशत, दलित १२ दशमलव सात प्रतिशत, थारू छ दशमलव छ प्रतिशत, मुस्लिम चार प्रतिशत, पिछडिएको क्षेत्र चार प्रतिशत र अपाङ्गता भएका व्यक्तिलाई चार प्रतिशत आरक्षणको प्रस्ताव गरिएको छ ।

निजामती कर्मचारीमा अस्थायी नियुक्ति दिनुपर्दा लोकसेवा आयोगले सञ्चालन गरेको परीक्षामा स्थायी नियुक्तिका लागि सिफारिश नभएका उम्मेदवारबाट नियुक्त गरिनेछ । अस्थायी नियक्ति गर्ने प्रयोजनका लागि सूची प्रकाशन गर्ने र सो सूचीमा रहेकामध्येबाट योग्यताक्रमका आधारमा अस्थायी कर्मचारी नियुक्त गरिनेछ ।

राजपत्राङ्कित विशिष्ट श्रेणीका कर्मचारीको पदावधि मुख्यसचिव वा सर्वोच्च अदालतको मुख्य रजिस्ट्रारको पदावधि तीन वर्ष र सचिवको पदावधि पाँच वर्ष रहेको छ । एक आर्थिक वर्षमा बढीमा तीन महीनाका लागि मात्र काज खटाउने सकिने व्यवस्था विधेयकमा राखिएको छ ।

सङ्घीय निजामती सेवाको पदमा बढुवाका लागि उम्मेदवार हुन राजपत्र अनङ्कित पदका लागि पाँच वर्ष र राजपत्राङ्कित पदका लागि सात वर्ष सेवा अवधि आवश्यक हुने प्रावधान राखिएको छ । तहवृद्धि गर्दा सहायक पाँचौं, सातौं तह, ११औं तहमा सात वर्ष सेवा अवधि पूरा भई पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कनमा कम्तीमा ९० प्रतिशत अङ्क प्राप्त गरेको र नकारात्मक सूचीमा नपरेको अवस्थामा त्यस्तो कर्मचारीलाई एक तह वृद्धि गर्न सकिने व्यवस्था विधेयकमा गरिएको छ । राजपत्र अनङ्कित पाँचौं श्रेणीको पदमा शुरू नियुक्ति हुने निजामती कर्मचारीको प्रथमस्तर कायम गरी त्यसपछि प्रत्येक पाँच वर्षमा स्तरवृद्धि गरी बढीमा पाँचौं स्तरसम्म वृद्धि गर्न सकिनेछ ।

निजामती कर्मचारीले खाइपाइ आएको तलब बराबरको रकम प्रत्येक आर्थिक वर्षमा एकपटक चाडबाड खर्चका रूपमा पाउनेछन् । कर्मचारीको योगदानमा आधारित सावधिक जीवन बीमा सरकारले नै गर्नेछ । कर्मचारीको मासिक तलबबाट १० प्रतिशतका दरले हुने रकम कट्टा गरी सो रकममा सरकारले शतप्रतिशत रकम थप गरी कर्मचारी सञ्चयकोषमा राखिने व्यवस्था गरिनेछ । सरकारले निजामती कर्मचारीलाई जग्गा खरीद तथा आवास निर्माणका लागि सस्तो ब्याजदरमा ऋण उपलब्ध गराउने व्यवस्था पनि विधेयकमा गरेको छ ।

निजामती कर्मचारीहरू राजनीतिक क्रियाकलापमा संलग्न हुन नपाउने, सरकारको आलोचना गर्न नपाउने, सरकारी कामकाजसम्बन्धी समाचार प्रकाशन गर्न नपाउनेलगायत प्रतिबन्धात्मक व्यवस्था पनि विधेयकमा गरिएको छ । त्यसैगरी, निजामती कर्मचारीले सरकारको पूर्वस्वीकृति नलिई आफूले वा आफ्नो परिवारको कुनै सदस्यद्वारा कुनै व्यक्तिबाट कुनै पनि प्रकारको दान, दातव्य, कोसेली, उपहार स्वीकार गर्न वा चन्दा माग्न पाउनेछैनन् । सरकारी कामसँग सम्बन्धित व्यक्तिसँग कर्मचारीले सापटीसमेत लिन नपाउने व्यवस्था विधेयकमा राखिएको छ ।

निजामती कर्मचारीले कम्पनी स्थापना वा सञ्चालन गर्न तथा व्यापार-व्यवसाय गर्न पाउनेछैनन् । परामर्शदाता, सल्लाहकार, विशेषज्ञ वा कुनै हैसियतले सेवा प्रदान गर्ने कार्यमा पनि कर्मचारी आबद्ध हुन पाउनेछैनन् ।


**नेपाल टेलिकम**
(नेपाल दूरसञ्चार कम्पनी लि.)
दूरसञ्चार कार्यालय, वीरगंज

**सिलबन्दी दरभाउपत्र (कोटेशन) आह्वानको सूचना**

प्रथमपटक प्रकाशित मितिः २०८०/११/२२
NDCL/NT–Birgunj / SQ–01/080/81

यस कम्पनीको दूरसञ्चार कार्यालय वीरगंज र अन्तर्गतका कार्यालयहरूमा टेलिफोन लाइन मर्मतसम्भार तथा नयाँ जडान कार्यको लागि ४ (चार) थान टेम्पो भाडामा लिन आवश्यक रहेकोले निम्न उल्लिखित बेहोरा अनुसार आवश्यक कागजातहरूसहित सिलबन्दी दरभाउपत्र पेश गर्नुपर्नेछ । रीत नपुगेका र कागजात नपुग हुन गएमा प्रस्तावित गरिएको दरभाउपत्र रद्द गरिनेछ ।

१. स्थायी लेखा दर्ता प्रमाणपत्र भएका इच्छुक व्यक्ति, फर्म वा संस्थाबाट सिलबन्दी दरभाउपत्र (कोटेशन) आह्वान गरिएको छ ।
२. आव २०८०/८१ को टेम्पोको सवारी कर चुक्ता गरेका व्यक्ति, फर्म वा संस्थाले यस कार्यालयबाट उपलब्ध हुने सिलबन्दी दरभाउपत्र फाराम रु ३०००।- (अक्षरेपि रु तीन हजार मात्र पछि फिर्ता नहुनेगरी)मा खरीद गरी सोही फाराममा उल्लिखित शर्तहरूको अधीनमा रही आवश्यक कागजातहरूसहित फाराम भरी सिलबन्दी लाहछाप लगाइ खामबन्दी गरी माथि उल्लिखित मिति र समयभित्रमा खरीद गरेको कार्यालयलाई आफूले दिन चाहेको टेम्पुको सिलबन्दी दरभाउपत्र भनी सम्बोधन गरी खरीद गरेको कार्यालयमा दर्ता गराउनुपर्नेछ ।
३. **दरभाउपत्र फाराम पाइने, दर्ता गर्न सकिने र खोल्ने स्थानः** दू.सं.का. वीरगंज, घण्टाघर ।
४. **दरभाउपत्र फाराम बिक्री :** यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १४ (चौध)औं दिनसम्म कार्यालय समयभित्र खरीद गरिसक्नुपर्नेछ ।
५. **दरभाउपत्र बुझाउने अन्तिम मिति :** यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १५ (पन्ध्र)औं दिन (सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट) अर्थात् अन्तिम दिन १२:३० बजेभित्र दर्ता गरिसक्नुपर्नेछ ।
६. **दरभाउपत्र खोल्ने मिति र समय :** यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १५ (पन्ध्र)औं दिन अपराह्न २:०० बजे ।

**सम्पर्कः नेपाल टेलिकम दूरसञ्चार कार्यालय, वीरगंज, फोन नं.: ५१५२३२५५**


**आजको राशिफल**

| राशि | फल | राशि | फल |
| --- | --- | --- | --- |
| मेष | राज्यभय | वृष | वादविवाद |
| मिथुन | यात्रालाभ | कर्कट | कडापरिश्रम |
| सिंह | चोरभय | कन्या | उदरपीडा |
| तुला | विजय | वृश्चिक | कान्तिक्षय |
| धनु | भाग्योदय | मकर | बेचैनी |
| कुम्भ | मनोरञ्जन | मीन | कर्मप्राप्ति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


**रानीघाट-पोखरिया बस समिति**

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे



**यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।**

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

**प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)**
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# तीनवटा पालिकाले शिक्षकलाई हाजिर गराउन मानेनन्

धर्मेन्द्र चौरसिया, पोखरिया, २१ फागुन/

शिक्षक सेवा आयोगको परीक्षा उत्तीर्ण गरी स्थायी नियुक्ति लिएर गएका शिक्षकहरूलाई हाजिर गराउन पर्साका तीनवटा पालिकाले मानेका छैनन्।

शिक्षक सेवा आयोगले सिफारिश गरेका शिक्षकहरूलाई शिक्षा विकास तथा समन्वय एकाइ कार्यालय, पर्साले नियुक्ति दिएर पठाएका केही शिक्षकहरूलाई पोखरिया नगरपालिका, पटेर्वासुगौली र ठोरी गाउँपालिकाले एकाइ कार्यालयको पत्र नै बुझ्न नमानेको नवनियुक्त स्थायी शिक्षकहरूले बताएका छन्।

एकाइ कार्यालयबाट नियुक्ति लिएर पोखरिया नगरपालिका पुग्दा नगरपालिकाका कर्मचारीले चिठी बुझ्न नमानेको गुनासो नवनियुक्त निमावि स्थायी शिक्षक आनन्दकुमार माझीले बताए। उनले शिक्षा शाखा प्रमुख विजयकुमार झाले चिठी नै बुझ्न नमानेको गुनासो गरे।

अर्का निमाविकै शिक्षिका मनीषा यादवले शिक्षा एकाइ कार्यालयबाट नियुक्तिपत्र लिएर नगरपालिका कार्यालय पुग्दा पत्र नै बुझ्न नमानेको गुनासो गरिन्। उनले शिक्षक सेवा आयोगको परीक्षा पास गरी नियुक्ति लिएर नगरपालिका पुग्दा फिर्ता पठाएको कारण आफूहरू मर्कामा परेको बताइन्।

यसैगरी, ठोरी गाउँपालिकाले पनि पदास्थापन गर्न नमानेको गुनासो निमावि तहकै अर्का शिक्षक महेन्द्र कोइरालाले गरे। उनले ठोरी गाउँपालिकामा खाली दरबन्दी नरहेको भन्दै गाउँपालिकाका कर्मचारीले एकाइ कार्यालयको चिठी नै नबुझ्न भनिरहेको बताए। नियुक्तिपत्र लिएर ठोरी गाउँपालिका पुगेकाहरूलाई समेत फिर्ता पठाएको उनले बताए।

यसैगरी, पटेर्वासुगौली गाउँपालिकाको लागि नियुक्तिपत्र लिएर पुगेका शिक्षकहरूलाई पनि गाउँपालिकाले हाजिर र पदस्थापन गराउन नमानेको नवनियुक्त शिक्षकहरूले बताएका छन्।



ठोरी गाउँपालिकाका अध्यक्ष लालबहादुर श्रेष्ठलाई ज्ञापनपत्र बुझाउँदै नेपाल शिक्षक महासङ्घ र सङ्घ पर्साका पदाधिकारीहरू। तस्वीरः फाइल

पालिकाहरूले शिक्षक माग गरे अनुसार नै शिक्षक सेवा आयोगले सिफारिश गरेका शिक्षकहरूलाई नियुक्ति दिएर पदास्थापनको लागि विभिन्न पालिकामा शिक्षा एकाइ कार्यालयले पठाए पनि पालिकाहरूले पदास्थापन गर्न नमानेका कारण नवनियुक्त शिक्षकहरू मर्कामा परेका हुन्।

तीन दिन अघि नेपाल शिक्षक महासङ्घ पर्साले पर्साका पालिकाहरूमा पुगेर कार्यरत शिक्षकहरूलाई विस्थापित नगर्न अनुरोध गरेको थियो। शिक्षक सेवा आयोगले निमावि तहका १० जना शिक्षक विस्थापित हुनेगरी नियुक्ति प्रक्रिया अघि बढाएकोमा आपत्ति जनाउँदै पालिकाहरूलाई जिल्ला शिक्षा समन्वय एकाइले नियुक्ति दिएर पठाएका शिक्षकहरूलाई हाजिर नगराउन अनुरोध गरेको थियो। सोहीअनुरूप पालिकाहरूले हाजिर नगराएको बुझिएको छ।

पर्साका १८ वटा निमाविमा दरबन्दी रिक्त रहेको र सो पदमा १६ जनालाई नियुक्ति गर्न अनुरोध गरिएकामा पर्सामा कार्यरत १० जना शिक्षक विस्थापित हुनेगरी नियुक्ति प्रक्रिया अगाडि बढेको भन्दै महासङ्घसँगै शिक्षक सङ्घका पदाधिकारी सदस्यहरूले पालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतहरूलाई भेटेका थिए। उनीहरूले नियुक्ति लिएर जाने शिक्षकहरूलाई पनि यस अभियानमा सघाउन आग्रह गरेका थिए।

# स्रोत नखुलेको २१ लाख रकमसहित पाँचजना पक्राउ

प्रस, वीरगंज, २१ फागुन/

बारा प्रहरीले छ्वाछ्वै स्थानबाट स्रोत नखुलेको २१ लाख रकमसहित पाँचजनालाई पक्राउ गरेको छ।



२१ लाख रकमसहित पक्राउ परेका पाँचजना। तस्वीरः जिप्रका, पर्सा

शुक्रवार कलैया उपमहानगरपालिका-६ स्थित अस्पताल रोडबाट भारतीय मोटरसाइकलमा सवार भारत, बिहारको मोतिहारी थाना हरपुर पञ्चायत नायक टोलमा बस्ने २९ वर्षीय रञ्जीत सर्राफ, कलैया उमनपा-७ बस्ने ३१ वर्षीय कलामुद्दीन अन्सारी, महागढीमाई नपा-१ बस्ने ३९ वर्षीय मेराजुल हक अन्सारीलाई पाँच लाख नगदसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय, बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले बताएका छन्। पक्राउ परेका मेराजुल र कलामुद्दीन कलैया-४ स्थित आसिफ मनि चेञ्जरका सञ्चालक रहेका प्रहरीले जनाएको छ। पक्राउ परेका तीनैजनाले कुनै पनि बैंकको इजाजतपत्र नलिई भारतबाट नेपालमा रकम ओसारपोसार गर्ने गरेको प्रवक्ता न्यौपानेले बताए।

यसैगरी, इलाका प्रहरी कार्यालय छ्वा, बाराले आइतवार विश्रामपुर गाउँपालिका-१ छत्वा कल्याणपुर सुलिगेटबाट १६ लाख नौ हजार रकमसहित दुईजनालाई पक्राउ गरेको छ। भारतबाट नेपाल आउँदै गरेको भारतीय नम्बरको मोटरसाइकलमा सवार भारत, बिहार, मोतिहारी, ग्राम श्यामपुर बस्ने ४२ वर्षीय कृष्णलाल प्रसाद र अरेराज बस्ने ४० वर्षीय रविशङ्कर सिंहलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

पक्राउ परेका पाँचैजनालाई बैंक तथा वित्तीय संस्थासम्बन्धी कसूरमा मुद्दा दर्ता गरी बारा जिल्ला अदालतबाट सात दिनको म्याद थप गरी थप अनुसन्धान भइरहेको प्रवक्ता न्यौपानेले जानकारी गराएका छन्।

**लागूऔषधसहित दुईजना भारतीय महिला पक्राउ**

प्रस, वीरगंज/

जिल्ला प्रहरी कार्यालय, पर्साले दुईजना भारतीय महिलालाई लागूऔषधसहित पक्राउ गरेको छ।

पर्सा प्रहरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक कुमार विक्रम थापाले प्रहरी चौकी इनर्वाको टोलीले हिजो दिउँसो वीरगंज महानगरपालिका-१६ रजतजयन्ती चोकबाट भारत, बिहार, रामगढवा निवासी ४३ वर्षीया रुक्साना खातुन र २० वर्षीया अफसाना खातुनबाट बुप्रेनोर्फिन १४८ थान, डाइजेपाम र नुर्फिन १४७/१४७ थान बरामद गरेको बताए। उनले भारतीय महिलाहरूमाथि लागूऔषध मुद्दामा आवश्यक छानबीन भइरहेको बताए।


## रक्तदान गरौं, स्वस्थ जीवन बिताऔं

- तपाई हामीले दिएको एक युनिट रगतले तीनजनासम्मको ज्यान बच्न सक्छ,
- हरेक स्वस्थ व्यक्तिले तीन/तीन महीनामा रक्तदान गर्न मिल्छ,
- १८ देखि ६५ वर्षको उमेरसम्म रक्तदान गर्न सकिन्छ,
- रगतको अन्य विकल्प नभएकोले रक्तदान नै एकमात्र उपाय हो,
- रक्तदानमा कुनै धर्म र जात हुँदैन,
- रक्तदान दानमध्ये सबैभन्दा ठूलो दान अर्थात् जीवनदान हो,
- प्रयोगमा नआएको रगत सम्बन्धित ठाउँमा फिर्ता गरौं
- आफूले पनि रक्तदान गरौं, अरूलाई पनि रक्तदान गर्न प्रेरित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


**आजको कार्यक्रम**

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारीमा आएन | | |

# खेलकूदको संसार

## टी-२० अन्तर्राष्ट्रिय शृङ्खलाको फाइनलमा खेल्दै पर्साका राम

राधेश्याम पटेल, परवानीपुर, २१ फागुन/

मङ्गलवार बिहान ११:३० बजे त्रिविवि खेलमैदानमा त्रिकोणात्मक टी-२० अन्तर्राष्ट्रिय शृङ्खलाको फाइनल खेल हुने समयतालिका छ।

नेपालमा क्रिकेट निकै लोकप्रिय खेल बन्दै गएको छ। यसै खेलमा चम्किएका छन्, पर्साका चन्दन राम। धोबिनी गाउँपालिका-२ आसवारी घर भई वीरगंज-१३ राधेमाईटोलमा बस्दै आएका रामले प्रधानमन्त्री कप अन्तर्गत आफ्नो डेब्यू खेलमैं पाँच विकेट लिएर चर्चामा आएका थिए।

एपिएफबाट सो खेल खेलेका राम पोखरामा सम्पन्न मनमोहन मेमोरियल क्रिकेट प्रतियोगितामा 'म्यान अफ दी सिरिज' बनेर झन् चर्चा बटुले। १६ वर्षीय राम जति लोकप्रिय बन्दै गएका छन्, उनको पारिवारिक पृष्ठभूमि र सङ्घर्षको पाटो पनि उत्तिकै घतलाग्दो छ। तराई-मधेसमा दलित समुदाय र ाज्य र समाजबाट पछाडि पारिएका वर्गमा पर्छ। दलित समुदायका भएपनि रामका बुबा प्रहरी हवलदार हुन् र बुबाकै अभिभावकत्वमा उनी नेपाली क्रिकेटमा चम्किएका छन्।



क्रिकेटर चन्दन राम। तस्वीरः प्रतीक

हामी दलित परिवारबाट भएपनि बुबाले मेरो पढाइ र खेलाइ दुवैको वातावरण मिलाउनुभयो, जसले गर्दा आज क्रिकेटमा राम्रो खेल खेल्ने अवसर पाएको छु, उनले भने। राधेमाईटोलमा कोठा भाडामा लिएर बस्दै आएका राम बिहान ४ बजे उठेर आफ्नो दैनिकी शुरू गर्छन्। बिहान ५ देखि ९ बजेसम्म कोचिङ, १० देखि ४ बजेसम्म विद्यालय र त्यसपछि फेरि क्रिकेटको प्रशिक्षण र राति गृहकार्य गरेर सुत्ने गरेको उनी बताउँछन्।

२०७६/७७ सालको कोरोना महामारीको बेला गाउँमा क्रिकेट खेल्न जाँदा साथीहरूले उनलाई खुलेर क्रिकेट खेल्न हौंस्याएका थिए। त्यसपछि उनी आफू अध्ययनरत साउथजोन माविको प्रतिनिधित्व गर्दै विद्यालय एवं स्थानीय स्तरमा क्रिकेट खेल्दै गए। केही महीनाअगाडि वीरगंजको ज्ञानदा स्कूलद्वारा सञ्चालित नेशनल स्पोर्ट्स एकेडेमीमा प्रशिक्षक जहुर अन्सारी र एकेडेमीका ब्रान्ड एम्बेस्डर आशिफ शेख र आरिफ शेखको प्रेरणामा क्रिकेटलाई निखारिरहेका छन्।

१२० देखि १२५ किलोमिटर प्रतिघण्टाको वेगमा बलिङ गर्ने रामको मुख्य हतियार इन स्वीन र आउट स्वीन बलिङ हो। त्यसमाथि उनले फुर्तिलो फिल्डिङ र राम्रो ब्याटिङ गर्दा यू-१६ मा मधेस प्रदेशको प्रतिनिधित्व गर्दै हालै पोखरामा सम्पन्न मनमोहन मेमोरियल कपमा मधेस प्रदेशलाई उपाधि दिलाएर 'म्यान अफ दी सिरिज' पनि बने। शृङ्खलाभरि पाँच खेलमा १० विकेट लिएका रामले १०४ रन बनाएका थिए। राज्यले क्रिकेट खेलमा राम्रो सेवासुविधासँगै उचित प्रशिक्षणको व्यवस्था मिलाउनुपर्ने उनको सुझाव छ।

उनले खेलको माध्यमले देशको नाम चिनाउन ठूलाबडाको घरमा जन्मिन जरुरी नभएको र गरीब भएर पनि राम्रो खेल्ने जोकोहीले एक दिन अवसर पाउने भएकोले हरेक खेलमा विद्यार्थी बेलादेखि सहभागिता जनाउनुपर्नेमा जोड दिए। रामले आमा गृहिणी भएको र चारवटा बहिनी रहेको बताए।

## नेपालले भुटानलाई हरायो

काठमाडौं, २१ फागुन/रासस

साफ यू-१६ महिला च्याम्पियनशिप फूटबल प्रतियोगितामा नेपालले भुटानलाई पराजित गरेको छ।



तस्वीरः एजेन्सी

सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा सोमवार सम्पन्न खेलमा नेपालले भुटानलाई ३-० गोलअन्तरले पराजित गर्दै विजयी भएको हो। नेपालका लागि पूजा गिरी, भूमिका बुढाथोकी र ग्यान्सु डोल्मा लोले समान एक/एक गोल गरे। खेलको १४औं मिनेटमा पूजाको गोलमार्फत नेपालले पहिलो अग्रता लियो। पूजाले गोल गरेको चार मिनेटपछि कप्तान भूमिकाले गोल गर्दै नेपालको अग्रता दोब्बर बनाइन्।

खेलको ३१औं मिनेटमा ग्यान्सुले एक गोल थपिन्। त्यसपछि खेलमा गोल हुन सकेन र नेपालले भुटानमाथि सहज जीत निकाल्यो। जीतसँगै नेपालले प्रतियोगितामा पहिलो जीत हासिल गरेको छ।

नेपाल पहिलो खेलमा बङ्गलादेशसँग २-० ले पराजित भएको थियो। यससँगै नेपालले प्रतियोगितामा तीन अङ्क बटुलेको छ। अब नेपालले यही फागुन २४ गते भारतसँग खेल्नेछ।

## प्रतियोगिताले अन्तर्राष्ट्रिय खेलाडी उत्पादनमा सहयोग पुग्ने -मुख्यमन्त्री कार्की

मोरङ, २१ फागुन/रासस

कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले विराटनगरमा हुने राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगिताबाट अन्तर्राष्ट्रियस्तरका खेलाडी उत्पादन गर्न सहयोग पुग्ने बताएका छन्।



तस्वीरः रासस

प्रदेशमा यही फागुन २२ गते (भोलि)देखि हुने टी-२० राष्ट्रिय क्रिकेट प्रतियोगितामा वितरण गरिने ट्रफीको आज मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय विराटनगरमा अनावरण गर्दै यो प्रतियोगिता विराटनगरको गिरिजाप्रसाद कोइराला अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला हुनु गौरवको विषय भएको बताए। उनले प्रतियोगिताबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी उत्पादन हुने विश्वास व्यक्त गरे।

मुख्यमन्त्री कार्कीले प्रतियोगिता सञ्चालनबाट रङ्गशालाको विकासमा टेवा पुग्नुका साथै सम्पूर्ण पूर्वाधार निर्माणमा सहयोग पुग्ने विचार राखे। उनले प्रदेश सरकारले खेल क्षेत्रलाई 'युवामैत्री'का रूपमा अगाडि बढाउने योजना बनाइरहेको भन्दै यसलाई रोजगारसँग जोडिने पनि बताए।

मोरङ जिल्ला क्रिकेट सङ्घका अध्यक्ष मोहम्मद साद कुरैशीले प्रतियोगिता सञ्चालनबाट यस क्षेत्रका युवा क्रिकेटप्रति आकर्षित हुनुका साथै राष्ट्रियस्तरमा खेलाडी उत्पादनमा सहयोग पुऱ्याउने विश्वास व्यक्त गरे।

भोलिदेखि आगामी चैत ३ गतेसम्म विराटनगरको बैजनाथपुरस्थित गिरिजाप्रसाद कोइराला अन्तर्राष्ट्रिय रङ्गशालामा हुने प्रतियोगितामा सात प्रदेश र तीन विभागीय गरी १० टीमको सहभागिता रहने अध्यक्ष कुरैशीले जानकारी दिए। प्रतियोगितामा विजेता टीमलाई रु पाँच लाख तथा उपविजेतालाई रु तीन लाख पुरस्कार प्रदान गरिनेछ।

यसैगरी, प्रतियोगिता सम्पन्न गर्न रु ७५ लाख खर्च लाग्ने अनुमान गरिएको छ। प्रतियोगिता लिगका आधारमा हुनेछ। प्रतियोगिता अन्तर्गत दैनिक दुई खेल हुनेछन् भने यसबाट प्रदेशको क्रिकेट खेलको स्तरवृद्धिमा सहयोग पुग्ने विश्वास गरिएको छ। प्रतियोगिताका लागि खेलाडी यहाँ आउने क्रम जारी छ।